# विषयसूची

## खण्ड–१
## सम्झनाका क्षितिजमा मञ्ज


१. ३१ वर्षको सहयात्रा
२. सासुससुरासँगको सम्बन्धमा मञ्जु
३. भाइ चन्द्रसँगको सम्बन्धमा मञ्जु
४. गृहिणीका रूपमा मञ्जु
५. आमाका रूपमा मञ्जु
६. पत्नीका रूपमा मञ्जु
७. आफ्ना सहयोगीहरूसित मञ्जु
८. छिमेकीहरूसँग मञ्जु
९. आफन्तहरूसँग मञ्जु
१०. धार्मिक र सामाजिक कार्यप्रति मञ्जुको अभिरुचि
११. मञ्जुको उपचारक्रम
१२. अन्तिम बिदाइका क्रममा
१३. मञ्जुको व्यक्तिगत विवरण
१४. मञ्जुका स्मृतिमा परिवारले गरेका कार्यहरू


## खण्ड–२
## सिर्जनामा मञ्जु


१. दिन र रातको सिलसिलामा
२. नारी जीवन

३. छोरीले नि पढ्नु पर्छ
४. माइती घर

## खण्ड–३
## आफन्तका दृष्टिमा मञ्जु

१. सम्झना
२. मञ्जुको आनिबानी
३. मेरी आमा
४. मेरो स्मृतिमा मञ्जु दिदी
५. दिदीको सम्झनामा !!!
६. म छोरी
७. बलिदानी प्रेम

## खण्ड–४
## समवेदना

१. उपस्थित नामावली
२. संस्थागत समवेदना
३. व्यक्तिगत समवेदना

## खण्ड–५
## फोटाहरू

# खण्ड –१
# सम्झनाका क्षितिजमा मञ्जु

# ३१ वर्षको सहयात्रा

अत्यन्त कष्टदायी सङ्कटपूर्ण एवम् असहज परिस्थितिमा वि.सं. २०४३ साल असार ३ गते हामी दुईका बीचमा वैवाहिक सम्बन्ध गाँसिन पुग्यो । संयोग भनौँ या भाग्यमा लेखेको भनौँ म पूर्व काभ्रे जिल्लामा जन्मेको र मञ्जु पश्चिम लमजुङ जिल्लामा जन्मेकी, हामी बीच यसरी सम्बन्ध हुन पुग्नुमा सायद पूर्वजन्मकै कारण होला । म दलदलमा फसेको व्यक्ति थिएँ, मलाई त्यस ठाउँबाट तानेर निकाल्ने साहसी व्यक्तिको खाँचो थियो । त्यही साहसी व्यक्तिका रूपमा उनले हात समातेर फसेको ठाउँबाट निकाल्ने काम मात्र गरिनन्, मलाई डोऱ्याएर आफूसँगै लामो यात्रा गर्ने वचन पनि दिइन् । आफू जन्मेको स्थान र हुर्केको घरआँगनलाई समेत छोडेर पिताको आज्ञापालन गर्दै मेरो दुःखमा साथ दिन उजाड एवम् कष्टपूर्ण यात्रा सुरु गरिन् । धेरै

चुनौतीहरूका बीचमा रहँदै आफ्ना इच्छा र रहरहरूलाई दबाएर सधैँ मेरो खुसीलाई एकमात्र लक्ष्य बनाएर उनले मलाई साथ दिइन् । कैयौँ प्रकारका पीडाहरू सहँदै भोक, प्यास, थकाइजस्ता कुनै पनि कुराको पर्वाह नगरी मेसिनजस्तै भएर खट्दै उनको यात्रा मसँग अगाडि बढ्दै गयो ।

आफूले सन्तान नजन्माउँदै आमाको भूमिका निभाउनु पर्ने अवस्था उनका लागि कम चुनौतीपूर्ण थिएन तैपनि उनी सहज रूपमा आफ्नो भूमिका निर्वाह गर्दै अगाडि बढिन् । त्यो कार्य जोकोहीले पक्कै पनि गर्न सक्दैनथ्यो । उनलाई मैले यो काम गर भन्नु पर्दैनथ्यो । आफैँले सबै बुझेर काम गर्ने गर्दथिन् । कुनै किसिमको चिन्ता लिएको देखिँदैनथ्यो । सधैँ हँसिलो अनुहार लगाउने, शृङ्गारको कमी हुन नदिने, सधै कुनै न कुनै काममा व्यस्त रहने, विशेष गरी खाना बनाउन र शृङ्गार गर्नमा व्यस्त रहने साथै सरसफाइ गर्न, सामानहरू मिलाएर (सजाएर) राख्न रुचाउने गर्दथिन् । सायद कमै मानिसमा त्यस्ता विशेषताहरू हुने गर्दछन् । अभाव हुँदा पनि त्यसको पीडा भएको महसुस नगर्ने, जेछ त्यसैमा रमाउने उनको बानी थियो । अरूको चिजमा लोभ नगर्ने, आफ्नो चिजको सञ्चय गर्ने, थोरै भए पनि वचत गर्नुपर्छ भन्ने सोच लिएर काम गर्ने, दुःख कुन बेला, कसरी आउँछ, त्यसको सामना गर्न समयमै केही व्यवस्था मिलाउँदै जानुपर्छ भन्ने सल्लाह उनी मलाई बारम्बार दिने गर्दथिन् । लिनेदिने व्यवहार सफा हुनुपर्छ भनेर अरूलाई पनि सम्झाउने गर्दथिन् । चमेराको

घरमा पाहुना लाग्नेले टाउको तल पारेर हाँगामा झुन्डिनुको विकल्प नभएजस्तै मेरा घरको दुःख र सङ्घर्षमा उनले पनि सहभागी नहुनुको विकल्प नै थिएन । नयाँ दुलहीका रूपमा रहेर रमाइला दिनहरू बिताउने सायद उनको भाग्यमा नै थिएन कि जस्तो लाग्छ । म सधैँ काममा व्यस्त रहेको र उनले पनि त्यसैमा साथ दिँदै गर्दा हामीलाई कतै फुर्सद लिएर कतै घुम्न जाने अवस्था नै थिएन । उनले पसल, कारखाना र घरपरिवारलाई हेर्नु पर्दथ्यो । म बाहिर सामान बिक्री गर्ने, पसलमा सामान जुटाउने, कारखानामा चाहिने सामानको व्यवस्था मिलाउने, क्याम्पसमा आफ्नो कार्य गर्ने जस्ता काममा म सधैँ व्यस्त रहन्थेँ । यसरी केही गरेर आर्थिक सुधार ल्याउने मेरो लक्ष्यलाई उनले राम्ररी सघाउँदै आइन् ।

२०४६ साल जेठमा छोरीको जन्म भयो । धेरै दुःख सहेर शल्यक्रिया गरेर छोरी र आमा दुबैलाई सकुशल अस्पतालको २७ दिनको बसाइपछि घर ल्याइयो । सुत्केरी भएको एक महिना नपुग्दै उनले घरको काम गर्न थालेपछि मैले सम्झाएँ । केही महिना आराम गर भनेर तर उनले हल्का काम गर्न भने छाडिनन् । आर्थिक अवस्था त्यति राम्रो नभएकाले मैले स्याहार गर्ने अर्को मान्छे राख्न सकिन । सकेको स्याहार गर्न मैले नै उनलाई सघाएँ । हामी दुबैजना केही आर्थिक सुधार ल्याउन सक्रिय रह्यौँ । खाने, लगाउने जस्ता आधारभूत कुराहरूलाई समेत न्यूनतम खर्चमा व्यवस्थापन गर्दै रह्यौँ । पसल र पाउरोटी कारखाना चलाइरहन

कठिन हुँदै गयो साथै फाइदा पनि कम हुँदै गयो । क्याम्पसमा मलाई सर भन्ने, पसल र कारखानामा साहुजी भन्ने गर्दा आफैँलाई असजिलो लाग्न थाल्यो । मैले विचार गरें साहुजी बन्ने कि सर बन्ने भनेर । अन्त्यमा सर नै बन्ने भन्ने निश्चय गरेर पसल र कारखाना बिक्री गरिदिएँ र स्कुल खोलें । स्कुल खोलेपछि पहिलेको भन्दा झन्झट कम भयो तर स्कुल स्थापित गर्न फेरि दौडधुप गर्नुपऱ्यो नै । त्यस स्कुलको नाम दीपिका रह्यो ।

दीपिका स्कुल २०४८ सालमा चाबहिलमा आफ्नै घरमा सुरु गरियो । म त्यसको प्रिन्सिपल भएँ । उनले लेखा, स्टोर र अन्य व्यवस्थापनको जिम्मा लिइन् । नानीहरूको हेरचाह, घरको खाना तयार गर्ने, सरसफाइ लगायत घरका सबै काम सकेर स्कुलको काम समेत गर्नु पर्दथ्यो । धारा, बिजुली, टेलिफोन, सरसफाइ, सुरक्षा आदि कुरा उनैले हेर्ने गरेकी थिइन् । क्यान्टिनको व्यवस्थापन, पुस्तक, कपी, टाइ, वेल्ट जस्ता सामग्रीहरूको आवश्यक व्यवस्थापनको कार्य पनि उनैले गर्न थालिन् । विद्यालयका शिक्षक, कर्मचारीहरूसँग सुमधुर सम्बन्ध राख्ने, आफ्नै परिवारका सदस्यहरूजस्तो व्यवहार गर्ने गर्दथिन् । कसैलाई पनि चित्त दुख्ने खालको बोली र व्यवहार नगर्ने, चाडबाड आउँदा सबैलाई बोलाएर बाँडेर खाने, रमाइलो गर्ने सबैको कठिनाइ बुझेर अप्ठ्यारो परेको बेलामा आवश्यक सहयोग गर्ने जस्ता कार्यहरू गर्ने गर्दथिन् । उनले तयार गरेको खानाको सबैले प्रशंसा गर्दथे । वास्तवमा भन्नुपर्दा त्यति स्वादिलो खाना

जोकोहीले बनाउन सक्दैनन् । उनलाई खाना बनाउने विशेष रुचि थियो । त्यसैले घरमा अति नै स्वादिलो खानाका परिकारहरू तयार हुन्थे । विद्यालय उनको काम गर्ने ठाउँ मात्र थिएन, खुसी बाँड्ने ठाउँ पनि थियो । अभिभावकदेखि विद्यार्थी सबैले राम्ररी चिन्दथे । मेडिकेयर अस्पताल नजिकै रहेकोले त्यहाँ आउने मानिसहरूले पनि उनको कार्यप्रतिको लगनशीलता, कार्यव्यस्तता, फूलको सौखिनता र सधैँ आफूलाई सफासुन्दर राख्ने जस्ता गुणहरूको प्रशंसा गर्ने गरेको त्यहाँका कर्मचारीले बताउँथे ।

विद्यालयको समय सकिएपछि सबै कक्षाकोठा, ट्वाइलेटहरूको निरीक्षण गर्ने, ताल्चा लगाउन बाँकी भए लगाउने, कतै कुनै विद्यार्थी वा शिक्षक कर्मचारीको सामान छुटेको भए सुरक्षित राखिदिने, धारा बन्द गर्न बिर्सेको भए बन्द गरिदिने, बत्ती निभाउन बाँकी भए निभाइदिने, सरसफाइ गर्न छुटाएको भए भोलिपल्ट बिहान सफाइ गर्ने, कर्मचारी आउने वित्तिकै सम्झाइदिने जस्ता कार्य गर्दथिन् । काम गर्दा कसैले कुनै त्रुटी गरेमा देख्ने बित्तिकै बोलाएर पहिले सम्झाउने र त्यही गल्ती पटक-पटक गर्नथाले गाली गर्ने र त्यसको जानकारी मलाई गराउने उनको बानी थियो । उनी विद्यालयको प्रशासक मात्र नभएर आमाकै रूपमा काम गर्थिन् । उनलाई कतिपय कर्मचारीहरू पछिसम्म पनि आमाको मुख हेर्ने दिन उपहारसहित मुख हेर्न आउँथे ।

हामी विद्यालय रहेकै भवनको माथिल्लो तलामा बस्दै गरेकामा २०६४ साल वैशाखदेखि उक्त भवनमा बस्न छाड्यौं। हामीले बस्न छोडेपछि विद्यालयको अवस्था विस्तार-विस्तार खस्किँदै गएको कुरा अभिभावकहरू बताउँदथे। यो अवस्था आउनमा खासगरी उनको प्रत्यक्ष निगरानी र उपस्थितिको कमी थियो। उनमा श्वासप्रश्वासको रोग देखापरेपछि डक्टरको सल्लाहअनुसार प्रदूषण कम भएको स्थानमा बस्नुपर्ने वाध्यात्मक कारणले त्यो ठाउँ छोड्नु परेको थियो। उनलाई घर छोड्ने इच्छा भने थिएन।

हामी बाध्यतावश काठमाडौंको सुकेधारा भन्ने ठाउँमा सऱ्यौं। यस ठाउँको वातावरण राम्रै थियो। घर अगाडि खाली ठाउँ थियो। उनी बिहान सधै फूल टिप्ने र दुबोमा हिँडडुल गर्दथिन्। त्यसबेलासम्म दिनमा ८/१० घन्टा समय अक्सिजन लगाउँदा पुग्दथ्यो। घरको सबैतिर घुम्न सक्थिन्। कौसीमा पनि विस्तारै जान सक्थिन्। दिनदिनै अक्सिजनको प्रयोग अवधि बढाउँदै लग्न डा. रमेश चोखानीले सल्लाह दिनुभयो। हामीले त्यसै गऱ्यौं। त्यतिबेलासम्म पनि उनी भान्सामा खाना पकाउने काम गर्दैथिन। आफूले सकेसम्म खाना बनाएर दिन्छु भन्ने गर्थिन्। परिवारप्रति सधैं सकारात्मक सोच थियो। अक्सिजनको लामो पाइपको सहाराले बसेको तल्लामा यताउता घुम्ने, सरसफाइ गर्ने जस्ता काम गरेर प्रायः एक्लै दिनभरी घरमै बस्ने गर्दथिन्। कतै जान नसक्दा पनि त्यति धेरै दुःख मान्ने

गर्दैनथिन । म कतै कार्यक्रमहरूमा गएर आउँदा के भयो, कस्तो थियो, कोको आएका थिए भनेर जानकारी लिने गर्दथिन् । कुनै संस्थाले सम्मान गरेका सम्मानहरू लिएर म घरमा आउँदा मैले पाएका उपहार, प्रमाणपत्र र फोटाहरू हेरेर उनी ज्यादै खुसी हुन्थिन् र मलाई बधाइ दिने गर्दथिन् । आफू उक्त कार्यक्रममा जान नसके पनि उनी मलाई हेरेर मानौँ कार्यक्रम हेरिरहेको जस्तो गर्दथिन् । आफूलाई संहालेर भित्रबाटै खुसी लिने र खुसी बाँड्न सक्ने उनको विशेषता थियो ।

# सासुससुरासँगको सम्बन्धमा मञ्जु

जब परिवारसँग हामी सँगै बस्न थाल्यौं, त्यसपछिको अवस्थालाई नै यहाँ उल्लेख गर्न उचित ठान्दछु । हाम्रो परिवारमा बुबा गुणनिधि पन्त नै सबैभन्दा वरिष्ठ र सबैको अभिभावक हुनुहुन्थ्यो । उहाँ सबैको हित गर्ने, प्रस्ट बोल्ने, समान व्यवहार गर्ने, आध्यात्मिक चिन्तन गर्ने, सकारात्मक सोच भएको सरल व्यक्ति हुनुहुन्थ्यो । उहाँ "मञ्जु यस घरको लक्ष्मी हो, उनको चित्त दुख्ने काम कसैले नगर्नू" भन्नुहुन्थ्यो । म अलि कडा स्वभावको भएको हुँदा उहाँले मलाई बारम्बार यो कुरा स्मरण गराइरहनु हुन्थ्यो । बुबाप्रति उनको ज्यादै राम्रो भावना थियो । उनी बुबाका बारेमा सधैं सकारात्मक कुरा गर्दथिन् । बुबाको इज्जत गर्दथिन् । बुबाले दिएका अर्ती उपदेशहरू ध्यान दिएर सुन्ने गर्दथिन् । २०५० सालमा बुबाको मृत्यु पश्चात् उनी बुबाले

भन्नुभएका कुराहरू, उपदेशहरू दोहोऱ्याइरहने गर्दथिन् । बुबाको श्राद्धमा बुबालाई मन पर्ने खानाका परिकारहरू आँखाभरि आँशु पार्दै बनाउने गर्दथिन् । मलाई पनि श्राद्ध राम्ररी गर्नु है भन्ने गर्दथिन् । पितृहरूप्रति उनको जस्तो भावना सायद कमै व्यक्तिको हुने गर्दछ । सायद त्यसैले होला पितृहरूले उनलाई छिटै आफ्नो साथमा बोलाएको । हामीहरूले चाहेर पनि पितृहरूको अगाडि के गर्न सक्दा रहेछौं र ?

हाम्रो परिवारको दोस्रो जेष्ठ सदस्य बुबाकी जीवन सँगिनी हाम्री आमा धनलक्ष्मी पन्तसँग पनि उनको सम्बन्ध राम्रो थियो । हाम्री आमा अलि बढी बोल्ने स्वभावको हुनुहुन्छ भने मञ्जु कम बोल्ने स्वभावकी थिइन । कुनै-कुनै बेला सानातिना कुरामा विचार नमिलेको जस्तो देखिए तापनि उनीहरूका बीचमा सम्बन्ध खराब थिएन । आमाले पनि बुहारीको जस्तो व्यवहार गर्नुहुन्नथ्यो भने मञ्जुले पनि आफ्नी आमासँग गर्ने व्यवहार भन्दा कम गर्दैनथिन । आमालाई सञ्चो बिसञ्चो के छ भनेर जानकारी लिने गर्दथिन् । आमासँग सँगै धेरै वर्ष नबसे पनि उहाँप्रति गर्नुपर्ने आदर, व्यवहारमा कमी गरेको देखिँदैनथ्यो । मञ्जु बिरामी भएकाले र भाइको घरमा आमाको उपस्थिति आवश्यक देखिएकाले आमा भाइ चन्द्रसँग बस्नुहुन्छ । आमा पटक-पटक आउनु हुन्छ, आमा आउँदा खान, बस्न कमी नहोस् भन्ने र सक्दो सहयोग गर्ने गर्दथिन् । आमा पनि मञ्जुलाई 'दुलही' भनेर बोलाउनु हुन्छ । म आमालाई भेटन जाँदा "दुलहीलाई कस्तो

छ ?" भनेर सोध्नुहुन्थ्यो । "सद्धे भैदिए हुन्थ्यो तिनलाई, सन्चो भएर हिँडडुल गरेको देखेर मर्न पाए हुन्थ्यो" भन्नु हुन्थ्यो । मञ्जु आमालाई कहिल्यै खाली हात पठाउँदैनथिन् । आफू उठेर हिँड्न नसक्दा पनि आमालाई के छ दिएर पठाउनु है भन्ने गर्दथिन् । आमाले मञ्जुलाई कडा शब्दमा गाली गरेको मैले सुनेको छैन । उनको अन्त्यको खबरले आमालाई धेरै गाह्रो भएको कुरा भाइ चन्द्रकी श्रीमती मेरूले बताइन् । मलाई भेट्न आउँदा आमा डाँको छाडेर रुनुभयो । धेरैबेरसम्म आँसुका धारा बगिरहेपछि मैले सम्झाएँ । उहाँहरूको यो सम्बन्ध र एकअर्काप्रतिको प्रेमले नै यो घरमा मातृशक्तिको महत्त्वपूर्ण भूमिका स्थापित भएको छ । यसले निरन्तरता पाउन सकोस् सबै घरहरूमा । सबै सासुबुहारी आमाछोरी र सबै ससुरा बुहारी बाबुछोरी बन्न सकून्, जसले गर्दा कलहले कुनै पनि घरमा प्रवेश गर्न नसकोस्, शान्तिले घर छाडेर जान नपरोस् । हाम्रो घरमा यी दुबै अवस्था थियो । यो अवस्था स्थापित गर्न सकेकामा हाम्रो घरका सबै मातृशक्तिहरू धन्यवादको पात्र बन्न पुगेका छन् ।

# भाइ (देवर) चन्द्रसँगको सम्बन्धमा मञ्जु

भाइ चन्द्र हाम्रो बुबाआमाका दुई छोरा र छ छोरीहरूमध्येको कान्छो सन्तान हो। भाइ सबैको प्यारो छ। सबैको माया पाएर अलि चञ्चले स्वभावको छ। ऊ सबैलाई माया गर्छ। फुर्तिलो र अनौठो पनि छ। सधैं नयाँ कुराको सोच राख्दछ। आफ्ना कुरा राख्न कसैसँग डराउँदैन। कहिलेकाहीँ आवश्यकभन्दा बढी तर्क पनि गर्ने गर्दछ। भाइ र मेरा बीचमा २० वर्षको अन्तर छ तर पनि हाम्रो विचारमा त्यति धेरै अन्तर छैन। मैले भाइसँग र भाइले मसँग सल्लाह गरेर मात्र कुनै पनि काम गर्ने गर्दछौँ। हामी सामाजिक कार्यहरूमा सँगै उपस्थित हुने गर्दछौँ जसले गर्दा हाम्रो सम्बन्धलाई समाजले अनुकरण गर्ने अवसर पाएको छ। हाम्रो बसाइ अलगअलग घरमा छ। सबै व्यवहार अलग नै छ तर पनि हामी एक छौँ। मञ्जु भाइको भाउजू मात्र होइन एक

प्रकारले आमाजस्तै थिइन् । मञ्जु सधैँजसो नयाँ काम गर्नुपर्दा भाइसँग सल्लाह गर्नुपर्दछ भन्ने गर्दथिन् । मैले कुनै कारणवश गाली गरेँ भने भाइलाई बोलाएर गुनासो गर्दथिन् र भाइले मलाई सम्झाउने गर्दथ्यो । कुनै मिठो खाना पकाएको छ भने भाइलाई फोन गरेर बोलाएर खान दिने र कुनै पनि बेला चन्द्र घरमा आउँदा खाली मुख नपठाउने गर्दथिन् । पछि हिँड्न नसक्दा पनि केही खान दिनू न भाइलाई भन्ने गर्दथिन् । आँखाभरि आँशु पार्दै आफ्नो अवस्था भाइलाई सुनाउँदै गरेको मैले पटक-पटक देखेको छु ।

बैङ्कमा पैसा राख्ने, शेयरको काम गर्ने, अस्पताल लानेल्याउने, अक्सिजनको व्यवस्था मिलाउने, अस्पतालमा बस्ने जस्ता काममा जुनसुकै बेला भाइ चन्द्रको सहभागिता भएमा मात्र मञ्जु खुसी हुन्थिन् र ढुक्क पनि भएको देखिन्थ्यो । चन्द्रप्रति ठूलो विश्वास र भर थियो मञ्जुको । कुनै कारण मैले चन्द्रलाई गाली गरेँ भने मलाई रोकेर सम्झाउने काम गर्दथिन् । चन्द्रसँग कहिल्यै भनाभन गरेको, ठास्सठुस्स गरेको मैले देख्नु परेन । सधैँ एकअर्कामा हाँसीखुसी रहेको एकले अर्कोलाई आदरपूर्वक व्यवहार गरेको देखिन्थ्यो । चन्द्र धेरै बिरामी भयो । अस्पतालमा भर्ना भएर कठिन अवस्थाबाट बाँचेर घर फर्किंदा मञ्जुको आँखाबाट खुसीको आँसु मेरो सँगसँगै झरेका थिए । आफू बिरामी हुँदाहुँदै पनि सकीनसकी एकपटक अस्पतालमा चन्द्रलाई भेट्न गएकी थिइन उनी । भाइ चन्द्रले पनि भाउजू बिरामी पर्दाको लामो

समयसम्म आफ्ना तर्फबाट गर्न सक्ने सबै सहयोग गरेको छ । कहिलेकाहीँ उसका पनि आँखाहरू टलपल भएका देखिन्थे । पछिल्लो समय अस्पतालमा लान र ल्याउन निकै मुस्किल हुँदै गएको थियो । यस्ता अवस्थाहरूमा मैले फोन गर्ने वित्तिकै चन्द्र आइपुगिहाल्थ्यो । अरू जस्तोसुकै काम भए पनि काम छाडेर आउने गर्दथ्यो । भाउजूप्रतिको स्नेही भावनाले नै यस्तो गरेको हो भन्ने मलाई लाग्छ ।

२०७३ साल चैत्र २९ गते जब नर्भिक अस्पतालमा मञ्जुको प्राण गयो, त्यसबेला पनि चन्द्र र म सँगै थियौँ । अस्पताल र घरदेखिको सबै काम उसकै पहलमा सकियो । मञ्जुलाई दागबत्ती दिन जब मलाई सोध्न आयो उसको आँखाबाट आँसुका धारा बगिरहेका थिए र मुख खोल्न पनि सकिरहेको थिएन । "भाउजूको क्रिया म गर्छु" भन्दा मैले "तिमी पनि बिरामी छौ भन्दै अरू नै ब्राह्मणद्वारा गराउन सल्लाह दिएँ र त्यसै गरियो । क्रिया गर्दा लाग्ने सबै सामान किन्ने लगायतका सम्पूर्ण कार्य चन्द्रकै सक्रियतामा पूरा भयो । म देख्छु चन्द्रको आँखाले अझै भाउजू मञ्जुलाई कतै देख्न खोजिरहेको जस्तो लाग्दछ । भाउजूको विश्वासलाई चन्द्रले राम्ररी निभाएको छ ।

छोराहरू (उत्तम र विवेक) प्रति पनि सधै राम्रो सोच राखेकी थिइन् । कहिलेकाहीँ केही कमी कमजोरी उनीबाट नभएको भने होइन तर समग्रमा नराम्रो सोच र व्यवहार भएको थिएन । छोराहरूका उन्नति, प्रगति र सफलताको खबरले उनी खुसी नै

हुन्थिन् । फोनमा मसँग छोराहरूसँग कुरा हुँदा मैले पनि सोधेको छु, आशीर्वाद छ भनिदिनु है भन्ने गर्दथिन् । छोरा बुहारीहरूले केही सामान पठाइदिँदा अत्यन्त प्रसन्न मुद्रामा उक्त सामान हेर्ने गर्दथिन् । बुहारीहरूसँग सँगसँगै बसेर काम गर्ने खासै अवसर नपाए पनि उनीहरूप्रति सधैँ राम्रो व्यवहार र बोली रहेको देखिन्थ्यो । बुहारीहरूले पनि गर्नुपर्ने भूमिका उनीप्रति राम्रैसँग निभाएका थिए । "तिमीहरूलाई मैले केही दिन र गर्न सकिन के गर्नु मेरो भाग्यमा यस्तै लेखेको रहेछ" भनेर चित्त बुझाउने काम गर्दथिन् । नातिनी र नातिहरूलाई बारम्बार सम्झिरहन्थिन् । विदेशमा बसेका छोरा, बुहारी र नातिनातिनीहरूसँग फोनमा कुरा गर्नु र सम्झिनुको विकल्प नै के हुन सक्छ र । हामीजस्ता बाबुआमाले सन्तानबाट पाउने कुरा यस्तै हो कि जस्तो लाग्ने । कतै हामीले आफ्ना सन्तानलाई विदेश पठाउने भूल गरिरहेका त छैनौँ ? जस्तो महसुस हुन पुग्ने । बाबुआमा बिरामी पर्दा उनीहरूले सहयोग गर्न नसक्नु ठिक हो कि होइन ? प्रश्नको विषय बन्न पुगेको छ ।

छोरी श्रद्धाप्रति उनले गरेको मायालाई शब्दमा व्यक्त गर्न सकिन्न । प्रत्यक्ष देख्दा मात्र महसुस हुन सक्छ । छोरीलाई उनले कहिल्यै ठूली भएको देखिनन् । सधैँ काखमै रहेको वा सानी बालिका जस्तै देख्ने गर्दथिन् । बिहे गर्नुभन्दा पहिलेसम्म आमाछोरी प्रायः सँगै सुत्ने गर्दथे । छोरी अलिकति बिरामी परेमा आफूलाई जतिसुकै गाह्रो भए पनि बिर्सेर छोरीको

स्याहार गर्नेतिर लाग्ने उनको बानी थियो । छोरीले एम.बी.ए.मा काठमाडौं विश्वविद्यालयबाट बोर्डफस्ट (प्रथम श्रेणीमा प्रथम) हुँदासम्म पनि ठूली भएको महसुस गरेकी थिइनन् । छोरीको बिहे गर्दा सकीनसकी कन्यादान गर्ने र बिहेको कार्यक्रमभरि बसेर छोरीप्रतिको एउटा कर्तव्य पूरा गर्न सकिन् । बिहे गर्दा बिहेमा भन्दा उनीलाई सकुशल राख्नमा मेरो ध्यान बढी केन्द्रित थियो । बिहेपछि ज्वाइँछोरीसँग पटक-पटक भेटघाट भएका छन् । "मैले पकाएर ज्वाइँ छोरीलाई खानदिन सकिनँ, छोरीको घर हेर्न सकिनँ" भन्ने कुरा बारम्बार गर्ने गर्दथिन् । म सम्भाउँथे र "ठिक भएपछि सबै कुरा गरौँला" भनेर सान्त्वना दिने गर्थँ । समयले मानिसको भावना बुभ्दो रहनेछ । एक निर्दोष व्यक्तिलाई बाँच्ने इच्छा हुँदाहुँदै जबरजस्ती खोसेर लग्ने काल पनि निर्दयी हो भन्ने प्रस्ट हुन्छ । मैले देख्दा आमाछोरी दुबैको एकअर्कामा अत्यन्त घनिष्ठ मायाप्रेम थियो जसको व्याख्या गर्न कठिन मात्र हैन असम्भव नै छ ।

हाम्रो परिवारलाई सुखी, समृद्धशाली र शान्त बनाउने काममा उनको भूमिका अद्वितीय रह्यो । उनमा सहनशीलता, मातृत्व, दया, प्रेम जस्ता भावनाको कमी भएको थियो भने हाम्रो परिवार आजको अवस्थामा आइपुग्ने थिएन । तीन दशकभन्दा बढी समय उनीसँगै रहँदा बढीमा २० दिन उनी मबाट छुट्टिएर रहिन् (अस्पतालमा रहँदाको समय बाहेक) र म पनि । यसरी सँगै रहँदा मैले उनमा देखेका, पाएका र महसुस गरेका केही

महत्त्वपूर्ण विशेषताहरू भनूँ या उनका स्वभावहरू भनूँ या रूप जसलाई यस प्रसङ्गमा उल्लेख गर्न सान्दर्भिक नै होला भन्ने ठानेर यहाँ उल्लेख गर्न गइरहेको छु। मैले उनका सबै क्षेत्रको बारेमा अझै कति बुझ्न बाँकी हुँदाहुँदै उनले हामीबाट सधैँका लागि भौतिक रूपमा टाढा हुन पुगिन्। यसलाई हामीले रोक्न सकेनौँ। हाम्रा सामु अब उनका याद मात्र रहन पुगेका छन्।

# गृहिणीका रुपमा मञ्जु

मैले धेरै गृहिणीहरू देखेको छु तर मञ्जुमा जुन स्वभावहरू थिए ती सबै स्वभाव (गुण)हरू प्रायः कमै गृहिणीहरूमा पाइन्छन् । उनीमा रहेका गुणहरू :

- वस्तुहरूको सञ्चित गर्ने,
- वस्तुहरूलाई सुरक्षितसँग सजाएर राख्ने,
- भान्सालाई स्वच्छ र सुन्दर बनाइराख्ने,
- मिठामिठा विभिन्न खानाका परिकारहरू बनाउन मन पराउने,
- उनले बनाएको खानाहरू सबैले मन पराएर खाइदिएमा खुसी हुने,
- घरमा आउने जोकोहीलाई पनि खाली मुख पठाउनु हुन्न भन्ने र खाना ख्वाएरै पठाउने,

- चाडबाड आदिमा खाना तयार गर्दा सधैँ बढी हुने गरी बनाउने, नपुगेको अवस्था कहिल्यै आउन नदिने,
- सधैँ शृङ्गार गरेर हँसिलो, फूर्तिलो भएर कतै विशेष कार्यक्रममा जानलाई तयार भएजस्तो भएर बस्ने,
- अल्छी नगर्ने, सधैँ केही न केही काममा लागि नै रहने,
- आफ्नो काम सधैँ समयमै गर्ने र मन लगाएर झर्को नमानीकन गर्ने,
- सामान्य बिरामी पर्दा पनि दैनिक गर्ने काम गर्न नछोड्ने,
- कुनै पनि वस्तुलाई ठाउँ बदलेर राख्न मन नपराउने, सधैजसो एकै स्थानमा राख्न मन पराउने । यसो गर्दा भेट्न सजिलो हुन्छ भन्ने,
- हिँड्दा बिस्तार हिँड्ने र भाँडाहरू ठाउँ सार्दा सकेसम्म आवाज ननिकाल्ने गरी सार्ने । भाँडा बजेको आवाज निक्लनु हुन्न भन्ने
- खाद्यवस्तु छर्ने, खेर फाल्ने, काम नगर्ने तर कहिलेकाहीँ कुनै वस्तु सञ्चित गर्दैगर्दा बिग्रने सम्भावना भने रहनेतिर ध्यान दिने,
- घर सजाउने र भान्सामा राख्ने कुनै नयाँ वस्तु देखेमा किनिहाल्नु पर्ने,
- लगाउने कपडा र गहनाहरू मन पर्‍यो भने किनिहाल्ने तर तत्कालै उपयोग नगर्ने, सुरक्षित राख्ने,

- आम्दानी खर्चको हिसाब- कसैलाई दिएको, लिएको आदि तन्दुरुस्त राख्ने,
- कतै कुनै विशेष कार्यक्रममा घरबाहिर जाँदा घरमा सबैतिर राम्ररी झ्यालढोका बन्द गरेर, ताला लगाएर मात्र हिँड्ने र ढिला नगरी घर फर्किने,
- राति सुत्नु अघि सबै ढोकाहरू बन्द गर्ने, गर्न लगाउने ।

# आमाका रूपमा मञ्जु

मञ्जु एक असल आमा थिइन् । उनमा आमामा हुनुपर्ने राम्रा गुणहरू धेरै थिए । त्यसैले उनी आफ्ना सन्तानको मात्र आमा थिइनन । धेरैका आमा बन्ने भूमिका निर्वाह गर्न सायद जोकोहीले सक्दैन । आमाका रूपमा हेर्दा उनमा यस्ता विशेषताहरू थिए :

- उनी परिवारका सबै सदस्यलाई खाना ख्वाएर मात्र आफू खाने गर्दथिन् ।
- सबैको स्वास्थ्यको ख्याल राखेर खाना खान दिने, औषधी आदि दिने जस्ता काम गर्दथिन् ।
- सबैको कोठा र कपडा आदिको सरसफाइको ख्याल राख्दथिन् ।

- समयमा सुतेको, उठेको, काममा गएको, आएको जस्ता कुराहरूमा विचार गर्दथिन् । गर्नुपर्ने काम समयमा नगर्नेलाई सम्झाउने, गाली गर्ने गर्दथिन् ।
- घर व्यवहार, संस्कार, रीतिरिवाज र गर्नुपर्ने अन्य कार्यहरूका बारेमा सबैलाई सम्झाउने, गर्न लगाउने गर्दथिन् ।
- छोराछोरीहरूको सफलतामा खुसी हुन्थिन् । उनीहरूलाई अझ अगाडि बढ्न प्रेरणा दिने गर्दथिन् ।
- ईश्वरप्रति आस्था राखेर उनको पूजा आराधना गर्न लगाउने र कतै कुनै कार्यमा निस्कँदा भगवान्को टीका प्रसाद लगाइदिएर बिदा गर्ने गर्दथिन् ।
- नैतिक, धार्मिक, व्यावहारिक शिक्षा दिएर घरलाई जीवनको पहिलो पाठशाला र आमा पहिलो गुरु हुने उनको सोच थियो ।
- आफूमा जतिसुकै दुःख, कष्ट र अभाव हुँदा पनि त्यसको प्रभाव परिवारमा खास गरेर छोराछोरीमा पर्न नदिई आफैँमा दबाएर सहेर बस्ने गर्दथिन् ।

# पत्नीका रूपमा मञ्जु

वि.सं. २०४३ साल असार ३ गते हाम्रो बिहे भएको थियो । बिहेको अवस्था म यहाँ उल्लेख गर्न सान्दर्भिक ठान्दिनँ । कुमारीगालको घरमा उनले नवदुलहीका रूपमा प्रवेश गरिन् । उनी सुख बाँड्नभन्दा दुःख बाँड्न मेरी पत्नीका रूपमा त्यस घरमा प्रवेश गरेकी थिइन् । मेरो कामको व्यस्तताले गर्दा हाम्रो भेट बेलुका मात्र हुन्थ्यो । उनी पनि त्यही घरमा सञ्चालित आफ्नै पसलमा काम गर्न व्यस्त रहन्थिन् । बिहानदेखि साँझ ७, ८ बजेसम्म प्रायः उनी एक्लै हुन्थिन् । साँझमा म आउँथे । उनी थरिथरिका तरकारी र खाना बनाएर मेरो आउने बाटो हेर्दै गरेकी हुन्थिन् । मैले नखाईकन उनी खाना खान्नथिन् । बिहान, दिउँसो के खायौ भनेर सोद्धा सामान्य खाना बनाएर खाएँ । एक्लै खान मन लाग्दैन । हजुर पनि बिहान खाना खाएर जान मिल्दैन ?

भन्ने गर्दथिन् । बिदाको दिनमा म पनि घरैमा बस्थें । यसरी केही वर्ष हामी त्यही घरमा बस्यौं । छोरा विवेक हामीसँगै बस्दथ्यो भने भाइ चन्द्र पसलको सामान किन्ने र भाउजूलाई पालो दिई सहयोग गर्दथ्यो । बिहका नयाँ दिनहरूमा पनि उनले कुनै नयाँ वस्तुको माग राख्ने, कतै घुम्न जाने जस्ता कुराको मलाई प्रस्ताव राखिनन् । बरु घरको काममा नै बढीभन्दा बढी सहयोग पुऱ्याउनतिर लागिन् । मैले कहिलेकाहीँ कडा शब्दको प्रयोग गरें भने नबोलीकन बस्दथिन् तर कुनै जवाफ फर्काउने र आफ्नो नित्य काम छोड्ने गर्दिनथिन् ।

जब हामी चाबहिलको घरमा आयौं, उनले घरको काम सँगै पाउरोटी कारखानाको कामसमेत गर्न थालिन् । आमा, बुबा, भाइ र छोराहरू समेतलाई खानाको व्यवस्था गर्ने, कारखानामा म नभएको बेलामा सबै हरहिसाबहरू गर्ने गर्दथिन् । सधैँजसो व्यस्त हुँदा पनि उनले कतै घुम्न जाने, कतै बस्ने गरी जाने काम गरिनन् । घरमै रमाएर बसिन् । सधैँ शृङ्गारका साथ सबै काममा व्यस्त रहने, बिरामी हुँदा पनि काम गर्न नछोड्ने उनको बानी थियो । ठिकठिक समयमा खाना, नास्ता आदिको व्यवस्था मिलाउँथिन् । त्यसताका म साह्रै नै दुब्लो पातलो थिएँ । उनी भन्ने गर्दथिन् कसरी हजुरलाई मोटो बलियो बनाउने ? सायद उनकै प्रयासले होला ४५ केजीको मान्छे ६५ केजी तौलको बन्न पुगें । यसरी मेरो तौल बढेको देख्दा उनी ज्यादै खुसी हुन्थिन् । मेरो अनुहारलाई हेरेर मेरो समस्या बुझ्ने क्षमता उनमा थियो ।

उनी कुनै पनि वस्तुको अभाव र अन्य कुनै पनि समस्यालाई सकेसम्म आफैं समाधान गर्ने प्रयत्न गर्दथिन् । सानातिना समस्या मलाई सुनाउनु हुन्न भनेर अरूलाई पनि सम्झाउने गर्दथिन् । मलाई सधैँ प्रसन्न मुद्रामा देख्न चाहने र आफू पनि त्यस्तै रहने उनको स्वभाव नै थियो ।

म बिरामी पर्दा उनी छट्पटाइरहेको देखिन्थ्यो । मेरो अनुहारमा चिन्ता देख्दा उनको निधारमा चिटचिट पसिना आएको मैले कैयौं पटक देखेको छु । घरलाई मन्दिर  र मलाई भगवान् सम्झेर उनले गरेको नित्यकर्म पूजाका रूपमा स्थापित थियो । सधैँ सबैरे उठेर घरका झ्याल, ढोका खोलेर स्नान गरी पूजापाठ आदि सकेर मलाई र छोराछोरीलाई बिहानको चिया आदिको व्यवस्था मिलाउनु उनको दैनिकी नै थियो । मलाई नखुवाई आफू कहिल्यै खाँदैनथिन् । बिरामी परेर ओछ्यानमा बस्दासम्म पनि यही उनको स्वभाव थियो । सधैँजसो व्रत लिने गर्दथिन् । सम्झाउँदा पनि सक्दासम्म लिन्छु, मैले लिएको व्रत मेरा लागि मात्र होइन नि हजुरहरू र यो परिवार सबैको राम्रो होस् भन्नको लागि हो नि भनेर मलाई सम्झाउने गर्दथिन् । कुनै पनि व्रत लिन छोडिनन् तर यो संसारलाई नै छोडिन् । ती बिर्सन नै नसक्ने घटनाहरूलाई आज बिर्सन वाध्य हुनु परेको छ । उनको सम्झनालाई साथी बनाएर उनका अपूरा इच्छाहरूलाई पूरा गर्दै हामी बाँच्नु परेको छ । उनले नजिकबाट हेरिरहेकी छिन जस्तो आभास भइरहेको छ हामी सबैमा ।

आज उनको भौतिक उपस्थिति हाम्रो सामु छैन तर उनले सम्हालेर राखेका वस्तुहरू, उनका विचारहरू, उनले हुर्काएका बिरुवाहरू आज पनि हाम्रा सामु उस्तै अवस्थामा छन् । आज पनि फूलहरूले उनका लागि सुवास छर्दै रहेका छन् । लाग्छ उनीहरूसँग प्रत्यक्ष सम्पर्क भइ नै रहेको छ उनको । उनले यतै कतै बसेर फूलहरूको स्याहार गर्दै गरेरै होला फूलहरू यथावत रूपमा मुस्कुराइरहेका छन् । मलाई पनि यिनै जीवित बोटविरुवामा उनको प्राण समाहित छ जस्तो लाग्छ ।

शरीर छोइए पनि आत्मा छुइँदो रहेनछ । भौतिक स्वरूप नरहे पनि, नभेटिए पनि मुटुभित्र रहेको अदृश्य रूप साथै हुँदोरहेछ । हेर्दा नदेखिने, छाम्दा नभेटिने कुनै शक्ति सञ्चारित अवस्थामा शरीरको यत्रतत्र फैलिएर रहेको छ । शरीरले सकीनसकी बोधलाई उठाइरहेको छ । न छोड्न सक्छ न सजिलैसँग उठाएर हिँड्न सकेको छ । कुनै घाउ चोट छैन तर जताततै दुखेको छ, शरीर थिलथिलो भएको छ । यस पीडाको अन्त्य कसरी हुन्छ, त्यो पनि थाहा छैन । कुनै वस्तु देख्दा कुनै आवाज सुन्दा शरीर झस्किन्छ, मुटु चर्किन्छ, आँखा तिरमिराउन थाल्दछन् । मन अस्थिर हुँदा सही बाटो पैलाउन कठिन हुँदो रहेछ । आफू कमजोर भएका बेला छायाले पनि लखेटेको हो कि भन्ने लाग्दो रहेछ । एक्लिएको हो कि जस्तो लाग्दो रहेछ । एक्लै देखेर यसको फाइदा उठाउनेहरूले गलत प्रयास नगर्लान भन्न पनि सकिन्न ।

भौतिक उपस्थिति हुँदा मञ्जुले आफ्नो पत्नीधर्म, पत्नीको भूमिका, पारिवारिक सम्बन्ध जसरी सहज तरिकाले निभाउन सकिन आज उनको भौतिक अनुपस्थितिमा मैले उनीप्रति गर्नुपर्ने कर्तव्य राम्ररी निर्वाह गर्न सक्नु पर्छ। उनको सम्झनामा मैले केवल आँसु मात्र बगाएर पुग्दैन। उनले प्रण गरेका असल कार्यलाई निरन्तरता दिँदै उनका उच्च भावना र कुशल व्यवहारलाई जीवन्त राख्नु पर्दछ। यी सब कार्य गर्नका लागि स्वस्थ शरीर र स्वच्छ विचार हुनु आवश्यक छ।

# आफ्ना सहयोगीहरूसित मञ्जु

मञ्जुलाई "घरमा आइपर्ने धेरै काम उनी एक्लैले गर्न नसक्ने साथै बजारमा किनमेल गर्ने, धारा, बिजुली, टेलिफोनको महसुल तिर्ने जस्ता कार्यहरू गर्ने सहयोगीका रूपमा "कोही भए ठिक हुन्थ्यो कि ?" भनेर मैले सोद्धा "राम्रो मान्छे पाउने गाह्रो छ" भनिन् । यत्तिकैमा विद्यालयमा सहयोगीको काम गर्ने निर्मलालाई घरमा पनि फुर्सदको समयमा केही सहयोग गरिदिन भने । निर्मलाले सहयोग गर्न सुरु गरिन् । बिस्तारै निर्मला र उनी त साथी जस्तै भए । निर्मलाले पछिल्लो समयमा उनलाई आमा मान्न थालिन् । सधैँजसो सँगै बस्ने, एकअर्काको पूरक जस्तै भए । निर्मलाले १४ वर्षभन्दा बढी नियमित रूपमा र त्यसपछि आवश्यक पर्दा विभिन्न सहयोग पुऱ्याइरहिन् । मञ्जुको मृत्युको खबर सुन्दा निर्मला बेहोस भइन् भन्ने सुनेँ । यसरी नङ र मासुजस्तो भएर निर्मलाको मनमा बस्न सकिन् उनी ।

मञ्जुलाई  फूलको धेरै सौख भएकाले फूलको काम गर्ने माली राजेन्द्रले करिब १९ वर्षसम्म काम गरिरह्यो र हालसम्म पनि कार्यरत नै छ । उसलाई छोराजस्तै गरेर व्यवहार गर्दथिन् । आज राजेन्द्र आँखाभरि आँसु पार्दै बिलौना गर्दछ । "मलाई त काम गर्न आउन नै मन लाग्न छोड्यो सर" भन्छ । "म्याडमको यादले गर्दा यहाँ आउन मनै लाग्दैन । उहाँले आफैंले बनाएर कहिले खाजा चिया त कहिले चिसो, फलफूल खान दिनुहुन्थ्यो । घरको बरन्डामा बसेर फूलको बारेमा चासो दिएर सोध्नु हुन्थ्यो र फूलहरू राम्ररी फुलेको देखेर ज्यादै खुसी हुनुहुन्थ्यो । राम्रो फूल देख्दा मलाई सधैं उहाँको सम्झना आउँदछ" भन्दै राजेन्द्र बारम्बार आँखभरि आँसु पार्दछ र बोल्न पनि सक्दैन ।

झपटले धारा, बिजुली, टेलिफोन आदिका महसुल तिर्ने, फूलमा पानी हालिदिने, घरमा धारो, बत्ती आदि बिग्रिएको अवस्थामा मर्मत गर्ने जस्ता कार्यहरू गर्दथे । उनलाई पनि धेरै माया गर्दथिन् मञ्जुले । "भोक लाग्यो होला खाजा खाऊ" भन्दै तातो चिसो पेय समेतको व्यवस्था मिलाउँदथिन् । झपट सधैं खुसी मानेर काम गर्दथे । मञ्जु बिरामी परेको अवस्था देखेर झपट सधैं दिक्क मान्दथे । मृत्युको खबरले झपटलाई ज्यादै पीडा भएको जानकारी उनकी श्रीमतीले बताइन् ।

अस्पताल लाने ल्याउने क्रममा गाडी चलाएर गाडीमा राख्ने, ओराल्ने, आवश्यक परे बोकेर पनि सहयोग पुऱ्याउने पशुपति पौडेलजी जसलाई मञ्जुले बारम्बार सम्झिरहन्थिन् ।

चाडवाड आउँदा, घरमा कुनै कार्य गर्दा पौडेलजीलाई नबिर्सन है भन्ने, बोलाएर आफैंले खानदिनुपर्ने । पौडेलजी हाम्रो घरको सदस्य जस्तै लाग्छ मलाई पनि । सधैं दसैंमा मेरो हातको टीका टिकाकै दिन  प्रायः खाली निधारमा लगाउन आउनुहुन्छ । हाम्रो परिवारले उहाँले गरेको सहयोगको बदलामा केही गरेर सक्दैन र गरेको पनि छैन । हाम्रो परिवार सधैं उहाँको सहयोगमा जीवन र मृत्युको सङ्घर्षमा जित्दै आएको छ । मञ्जुलाई पछिल्लो समयमा देख्दा उहाँको आँखाहरू रसाएका थिए र मृत्युको खबरले छटपटी तुल्याएको थियो ।

मञ्जुलाई रोगले च्याप्दै लग्दा सहयोगीका रूपमा शारदा हाम्रो सुकेधाराको घरमा आइपुगिन् । उनको साथमा उनको पति हरि र छोरी साहारा पनि थिए । शारदा आउँदा मञ्जु केही काम गर्न सक्ने थिइन् । खाना आफैंले पकाउँदथिन, बगैंचाबाट फूलहरू टिपेर ल्याउने र पूजा गर्ने जस्ता कामहरू आफैं गर्न सक्दथिन् । चाडवाड, तिथिश्राद्धादिमा निकै सक्रिय रहेर काम गर्ने गर्दथिन् । शारदाले नजिकबाट सानातिना कामदेखि अन्य सबैखाले काम गरेर सहयोग गर्दा उनलाई केही काम गर्न आँट बढेको हुन सक्छ । शारदालाई छोरीलाई जस्तै गरेर सबै कामहरू सिकाउने गर्दथिन् । काम बिगारेमा, गर्न अल्छी गरेमा रिसाउने उनको बानी थियो । उनी रिसाएर गाली गर्दा म र छोरी श्रद्धा भएर शारदालाई सम्झाउँथ्यौं । बिस्तारै मञ्जुलाई खाना पकाउन गाह्रो हुन थाल्यो । त्यसपछि शारदाले खाना बनाउन थालिन् । सुरुमा शारदाले

बनाएको खाना मञ्जुलाई मिठो लाग्दैनथ्यो । पछि बिस्तारै बानी पर्न थाल्यो । हामी सबैको खाना शारदाले नै बनाउन थालिन् । घरमा सधैँ शारदा नै मञ्जुको साथी भइन् । मञ्जुको सबैभन्दा नजिकको साथीका रूपमा शारदा भइन् । घरको साथै मञ्जुको सरसफाइ गर्ने, अस्पताल जाने, अस्पतालमा साथै बस्ने, मन लागेका खानेकुरा बनाएर दिने, डोऱ्याउने, दिसापिसाब गराउने, भित्रबाहिर गराउने जस्ता काम गर्दै शारदाले मञ्जुको मन जित्न सकिन् । मञ्जु सधैँ शारदासँगै बस्दा खुसी हुन थालिन् । केही बेर शारदा नहुँदा फोन गरेर बोलाउन थालिन् । यसरी शारदालाई सधैँ आफ्नै साथ देख्न चाहन्थिन मञ्जु ।

आफू सन्चो नहुँदा समेत सधैँ झर्को नमानी घृणा नगरी अल्छी नगरी, भोकै, प्यास निद्रा समेतको पर्वाह नगरी शारदाले घर र अस्पतालमा समेत साथै रहिन् । हामी सबैलाई भन्दा बढी शारदालाई चाहन्थिन् मञ्जुले । आखिर शारदाकै साथमा बस्दै गर्दा नर्भिक अस्पताल, काठमाडौँमा मिति २०७३ साल चैत्र २९ गते मञ्जुले प्राण त्याग गरिन् । उनको नाकबाट एक दशकभन्दा बढीदेखि जोडिराखेको अक्सिजनले साथ छोड्यो । अक्सिजन नाकसम्म पुऱ्याउँदै गर्ने पाइपले पनि सधैंको लागि विश्राम लियो । यसरी जीवनको अन्तिम वर्ष, महिना र दिनहरूमा मञ्जुले शारदालाई र शारदाले मञ्जुलाई गरेको जस्तो व्यवहार सायद कमैमा मात्र पाइन्छ होला । दुबैलाई धन्यवाद दिन चाहन्छु ।

यसले आजको युगमा एक परिवारका सदस्यले गर्नुपर्ने कर्तव्यलाई झस्काएको, देख्नेहरू आफूले आफ्नालाई गरेको व्यवहार सम्झेर लज्जित भएका छन् । समाजले एउटा निःस्वार्थ सहयोग र प्रेमभावको नमुना देख्न पाएको छ। संसारमा यो उदाहरण बनिरहन सकोस् । मञ्जु र शारदाजस्ताको भेट हुँदै रहोस् ।

शारदा आज पनि हामीसँगै छन् । मञ्जुको मृत्युपश्चात् उनी उराठलाग्दी भएकी छन् । दिनमा सधैँजसो मञ्जुको सम्झना गरिरहन्छिन् । उनी अझै पनि 'दिज्यू' यतै हुनुहुन्छ जस्तो लाग्छ भनेर आँखाभरि आँसु पार्दै घरभित्रबाहिर तलमाथि गर्दै खोज्दै गरे जस्तो गर्छिन् ।

# छिमेकीहरूसँग मञ्जु

हामी सुरुमा कुमारीगालको सानो पसल घरमै बस्दथ्यौँ। त्यहाँ बस्दाका छिमेकी, चाबहिलको घरमा बस्दाका छिमेकी र सुकेधारामा बस्दाका छिमेकी सबैसँग मञ्जुको राम्रो सम्बन्ध थियो। उनको कसैसँग पनि कहिल्यै झगडा परेन। छिमेकीको घरमा जाने उनको बानी थिएन तर पनि पूजा, पर्व, बिहे, व्रतबन्ध आदिका अवसरमा भेटघाट हुँदा सबैसँग राम्रो कुराकानी हुन्थ्यो। अरूका बारेमा धेरै कुरा गर्ने, नराम्रो कुराको चासो लिने, कुरालाई बढाइचढाइ गर्ने, यताको कुरा उता र उताको कुरा यता गर्ने बानी मञ्जुको थिएन। उनी चाहिने व्यावहारिक सल्लाह मात्र गर्दथिन्। अरूको बीचमा झगडा गराएर खुसी हुने उनको स्वभाव थिएन। आफ्नो घरको र घरपरिवारको बखान गर्न पनि उनी रुचाउँदैनथिन्। गोप्यता थियो उनमा, त्यसैले अरूले उनको

बारेमा धेरै बुझ्न सक्दैनथे । उनको शिर सधैँ सबैका सामु उचा नै देखिन्थ्यो ।

मञ्जु धेरै लामो समय बिरामी भइरहँदा छिमेकीहरू पटक-पटक घरमै भेट्न आउँथे । अस्पतालमा रहँदा पनि भेट्न आइरहन्थे । उनका बारेमा मसँग भेट हुँदा पनि सोधिरहन्थे । उनको मृत्युको खबर सुनेर अन्तिम श्रद्धाञ्जलीका लागि आर्यघाटमा छिमेकीहरूको बाक्लो उपस्थिति थियो । छिमेकीहरूले उनलाई सधैँ राम्रो भावनाले हेर्दै गरेको देखिन्थ्यो । कुनै छिमेकीसँग झगडा नगरीकन जीवन बिताउने मानिस हाम्रो समाजमा सायद मुस्किलले पाइन्छ होला । विभिन्न अवस्था र परिस्थितिमा समेत कसैलाई कठोर शब्दको वाण नहानी सहज रूपले लिने उनको ठूलो विशेषता हो । आज उनले हामीलाई छाडेर गए पनि छिमेकीहरू हामीसँगै छौँ । आज पनि उनीहरू मञ्जुलाई सम्झिने गर्दछन् । सबैको मनमा सधैँका लागि ठाउँ बनाएर सबैसँग बिदा लिने अवसर प्राय: कमै मानिसले मात्र पाउन सक्दछन् । त्यसैले मञ्जु त्यस व्यक्तिको रूपमा स्थापित रहन सकिन् जसलाई मानिसले चाहिरहेको हुन्छ ।

# आफन्तहरूसँग मञ्जु

मेरा दिदीबहिनीहरू ६ जना र हामी दुईजना दाजुभाइ। दिदीबहिनीका छोराछोरी, नातिनातिनीहरू, ज्वाइँ, भिनाजुहरू गर्दा लगभग ६० जना छन्। मेरा बुबाका दिदीहरू २ जना र उहाँहरूका अन्य परिवार, मेरा आमाका ३ दिदी बहिनी र २ दाजुभाइ अनि उहाँहरूका सन्तान र परिवारहरू गर्दा लगभग ७० जना छन्। तीबाहेक अन्य काका, काकीहरू, ठूलोबुबाका परिवार गरी ५०/६० जना जति छन्। मेरा साथीभाइ आदिको पनि बाक्लै उपस्थिति हुने गर्दछ। मञ्जुका ६ जना मामाका परिवार, ३ जना फुपूहरूको परिवार, उनका २ भाइ र अन्य ३ दिदीबहिनीको परिवार, मञ्जुको आमाका दिदीबहिनीका परिवार गर्दा लगभग १०० जना जति आफन्तहरू हुने देखिन्छ। यी सबै परिवारसँगको सम्बन्ध मिलाएर सबैलाई यथायोग्य स्वागत, सत्कार गर्नु पनि त्यति सजिलो छैन। उनीहरूसँगको भेटघाट,

उनीहरू प्रति गर्नुपर्ने व्यवहार मिलाउन पनि त्यति सजिलो छैन । ती सबै व्यवहार मिलाउन पनि निकै कठिन हुन्छ नै ।

तीज आउँदा सबैलाई टीका, पोते, चुरा, कपडा (मानिस हेरेर) जस्ता उपहारका वस्तु किन्न र बाँड्न उनी व्यस्त हुन्थिन् । शुभकामना साटासाट गर्ने, दर खाने समय मिलाउने र घरमा बोलाउनु पर्नेलाई बोलाई रमाइलो गर्ने गर्दथिन् । तीजमा दिदीबहिनीहरूसँग र तिहारमा दाजुभाइहरू एवम् टीका लगाउने दुबैतिरका दिदीबहिनीहरूसँग सल्लाह गरेर सबै प्रकारको चाँजोपाँजो मिलाउने काम गर्थिन् । यस्ता काम गर्न कुनै झर्को मान्दिनथिन् मञ्जु । आफन्तको बिहे, व्रतबन्धहरूमा जाने, बिरामी भेट्न जाने, सुत्केरी भेट्न जाने जस्ता सामाजिक कार्यमा शरीरले सक्दासम्म उपस्थित भई सक्रिय सहभागिता निर्वाह गर्न चाहन्थिन् उनी । आफन्तको उन्नतिप्रगतिको शुभसमाचार सुन्दा खुसी हुने र दुःखद् समाचार सुन्दा दुःखित हुने उनको स्वभाव थियो । आफन्तहरू आउँदा आफूले सकेको सहयोग गर्दथिन् । नसक्दाको अवस्थामा पनि आफन्तहरूको आगमनबाट प्रसन्न नै हुने गर्दथिन् उनी ।

थाहा पाउनेजति आफन्तहरू उनलाई अन्तिम विदाइ गर्न आर्यघाटमा आइपुग्नु भयो । पछि थाहा पाउनेहरू क्रमिक रूपमा मलाई भेटेर दुःख बाँड्ने काम हुँदै छ । भेट्न आउने सबैको मुहारमा मलिनता र आँसुले भरिएका आँखाहरू मात्र देख्न पाएको छु मैले । मञ्जुप्रतिको भावना छर्लङ्ग देखिन्थे भेट्न आउनेहरूको बोली र व्यवहारबाट ।

# धार्मिक र सामाजिक कार्यप्रति मञ्जुको अभिरूचि

वर्षभरिका चाडपर्वहरू नछुटाईकन मान्नुपर्छ भन्ने उनको धारणा थियो। त्यसैको परिणामस्वरूप उनी बढी खुसीका साथ व्रत लिने, पूजा गर्ने गर्थिन्। पूजामा धेरै समय खर्चने गर्थिन्। घरमा सधैं बिहान पूजा र बेलुका आरती गरेर (विभिन्न देवीदेवताका मूर्ति र फोटाहरूको) मात्र खाना खाने गर्थिन्। पूर्णिमा, एकादशी, रामनवमी, कृष्णाष्टमी लगायतका हिन्दूहरूले मनाउने पवित्र दिनहरूमा उनी व्रत बस्ने, पूजा गर्ने र ब्राह्मणहरूलाई दानदक्षिणा दिने गर्थिन्। दान गर्दा अन्नदान गर्नुपर्छ भन्ने उनको धारणा थियो।

तीज, पञ्चमी र कृष्णअष्टमीमा आफन्त र शुभचिन्तकहरूलाई डाकेर दर खाने, नाचगान गर्ने, पूजाआराधना गर्ने जस्ता कार्यहरू गरेर बडो धुमधामका साथ मनाउने गर्थिन्।

धेरै अगाडिदेखि तयारी सुरु गर्थिन् कि जसले गर्दा कुनै त्रुटि नहोस् ।

प्रत्येक चाडपर्वलाई बडो धुमधामका साथ मनाउने, मिठामिठा परिकारहरू बनाएर आफू पनि स्वाद लिईलिई खाने र अरूहरूलाई पनि खुवाउने उनको व्यवहारलाई देखेर आफन्तहरू छक्क पर्थे । दिएर खानुपर्छ, बाँडेर सकिन्न भन्ने उनको धारणा थियो । दसैंका १५ दिन सधैं उस्तै गरी रमाइलो गरेर, भेटघाट र शुभकामना गरेर उनलाई फुर्सद नै हुँदैनथ्यो । दसैं सकिनासाथ तिहारको तयारीको चटारो सुरु हुन्थ्यो । उनी भन्ने गर्थिन् "दसैं र तिहार किन यति नजिक भएको हो । २/३ महिनाको फरक भइदिएको भए राम्ररी तयार गर्न सकिन्थ्यो । दसैंको थकाइ नमर्दै तिहार आइहाल्ने चलन नगरेको भए राम्रो हुन्थ्यो नि ।" दसैंको टीकापछि उनलाई जमरा लगाउने रहर हुन्थ्यो । त्यसैले कोजाग्रत पूर्णिमासम्म जमरा शिरमा झपक्क पारेर लगाउँथिन् । घरमा जमरा राख्ने हुँदा बढी नै ठाउँमा जमरा राख्ने गर्थिन् ।

तिहारमा भाइहरूलाई टीका लगाउने र लक्ष्मीपूजा गर्ने कार्यका निमित्त उनी राम्रै तयारी गर्थिन् । सेलरोटी पकाउन राम्ररी नसक्ने र उनको रोगको कारणले तेलको खारमा बस्न पनि नहुने हुनाले गर्दा म नै सेलरोटी पकाउने गर्थें । थरीथरीका फलफूल र मिठाई अनि मसलाहरू किन्न मलाई नै भन्थिन् । मैले किनेर ल्याएपछि सबै राम्ररी केलाएर हेर्थिन् । कुनै सामान नपुग देखेमा वा छुटेको पाइन् भने तत्कालै मलाई सम्झाउथिन् ।

तीज पनि ज्यादै रमाइलो गरेर मनाउने गर्थिन् । तीजपछि लगत्तै पञ्चमी पर्ने हुँदा पञ्चमी अलि टाढा भएको भए राम्रो हुन्थ्यो भन्ने गर्थिन् । भोको बस्ने फलाहार गर्ने गरेर वर्षमा कैयौं दिन बिताउँथिन् । बिरामी परेको अवस्थामा समेत व्रत लिने काम गर्न छोडिनन् । यसबाट उनको आध्यात्मिक भनौं वा धार्मिक लगाव बलियो थियो भन्न सकिन्छ ।

छोराछोरीको बिहेमा उनले सक्रिय रहेर काम गर्न सकिनन् तैपनि हामीलाई सम्झाउने गर्थिन् । "सञ्चो भएको भए म कति खटेर काम गर्थे के गर्नु मेरो भाग्यमा यस्तै लेखेको रहेछ" भनेर खिन्न मन पार्थिन् । हामी सम्झाउँथ्यौं । विस्तारै चित्त बुझाउँथिन् । उनमा रहर थियो खटेर काम गर्ने तर शरीरले नदिएपछि के लाग्दछ । जीवनमा सबै कुराका कमी भए पनि शरीर कमजोर नहोस् भन्ने गर्थिन् । मेरो जस्तो अवस्था शत्रुलाई पनि नआओस् भनेर पटक-पटक मन खिन्न पार्थिन् । हामीले उनलाई सम्झाउने कोसिस गर्थ्यौं । उनमा मनलाई बुझाउने क्षमता थियो । त्यति लामो समय कोठामा अझ कति समय त ओछ्यानमा बसेर नै बिताइन् । उनमा सहने क्षमता नभएको भए, यो सम्भव थिएन । नारीमा भगवान्ले सहने क्षमता पुरुषमा भन्दा बढी दिएको हुन्छ भन्ने सुनेको थिएँ तर आज स्वयम्ले अनुभव गर्ने अवसर पाएँ । मैले उनीबाट घरपरिवार र समाजमा गर्नुपर्ने व्यावहारिक कुरा धेरै सिक्ने अवसर पाएँ । त्यसको लागि म उनलाई धन्यवाद दिन चाहन्छु ।

# मञ्जुको उपचारक्रम

वि.सं. २०६०/०६१ सालतिर मञ्जुलाई भऱ्याङ चढ्दा केही गाह्रो हुने र खोकी लाग्ने हुन थाल्यो । त्यसअघि पनि बिहान बाथरुममा गएर निकैबेर खोकी राख्ने गर्थिन् । केही समय सामान्य रुघाखोकीजस्तो लागेको पछि त्यसलाई जचाउन उनी मेडिकेयर अस्पताल चाबहिलमा साथी लिएर गइछन् । त्यहाँ डा. उदय श्रेष्ठलाई जँचाइछन् । डाक्टरले केही औषधी लेखिदिएपछि उनले त्यो औषधी खाइन् तर रोग खासै कम नभएपछि पुनः डाक्टरकहाँ गइछन् । पटक-पटक औषधी गर्दा पनि निको नभएपछि डक्टर उदयले नर्भिक अस्पताल जान र डाक्टर श्रीवास्तवलाई जचाउन भनेछन् । त्यसपछि उनी उमा विष्टसँग नर्भिक अस्पताल गइछन् । विभिन्न परीक्षणपछि डाक्टर श्रीवास्तवले ILD रोग लागेको बताएछन् र यो रोग कडा छ । तपाईको भविष्य धेरै छैन भन्ने

खालको कुरा बताएछन् । डाक्टरले त्यसो भनेपछि उनी ज्यादै चिन्तित भएर मलाई रुँदै सबै कुरा बताइन् । त्यसपछि भोलिपल्ट डाक्टर श्रीवास्तवलाई भेट्न म गएँ र सबै जानकारी लिएँ साथै बिरामीलाई त्यसरी नभन्नुपर्ने भनेर डाक्टरसँग गुनासो पोखेँ ।

मञ्जुमा ILD रोग लागेको एकिन गर्नेबारे धेरैसँग सल्लाह लिएँ । धेरैले डा. रमेश चोखानीलाई देखाउन सल्लाह दिए । त्यसबेला डा. चोखानी एभरेस्ट नर्सिङ होम वानेश्वरमा संलग्न हुनुहुँदोरहेछ । उहाँको समय लिन निकै कठिन रहेछ । अनुरोध गरेर समय मिलाइयो । उहाँले पुनः सबै कुरा परीक्षण गर्नुभयो । 'ब्रोन्सकोपी' गर्दा निकै कठिन हुँदोरहेछ । मञ्जुलाई धेरै गाह्रो भयो । मुखबाट मेसिन भित्र लगेर फोक्सोबाट ७ वटा मासुका टुक्रा झिक्दा कति दुःख खप्न पऱ्यो होला अनुमान गर्न सकिन्छ र ! मासु झिक्ने काम सकेर कोठाबाट बाहिर आउँदै गर्दा उनी राम्ररी हिँड्न सक्ने अवस्थामा थिइनन् । मलाई अँगालो मारेर रुँदै बाँच्दिन भन्ने लाग्या थियो तर बाँचेर आएँ भन्दै गर्दा मेरा आँखाबाट पनि आँसुका वर्षा हुन थाल्यो । हामीसँगै मधु विष्ट र उमा विष्ट पनि हुनुहुन्थ्यो । उहाँहरूले हामी दुबैलाई सम्झाउनु भयो । रातको करिब १० बजेको थियो हामी घर फर्क्यौं । केही दिनपछि सबै जाँचको रिपोर्ट जम्मा गरेर म डाक्टर चोखानीका घरमा गएँ । उहाँले सामान्य सल्लाह र परीक्षण आफ्नो निवासमा पनि गर्ने गरेकाले केही सजिलो पनि भयो । सबै रिपोर्ट हेरेर डा. चोखानीले पनि ILD नै हो भन्नुभयो र उहाँले औषधी दिन सुरु गर्नुभयो ।

सुरुका दिनमा खासै समस्या थिएन । त्यसैले उनी घरका सामान्य काम गर्थिन् । यसरी डाक्टरको औषधी खाँदै गरियो । केही समयपछि अक्सिजन दिनुपर्ने भयो । सुरुका दिनमा ४।५ घन्टा अक्सिजन दिन थालियो । डाक्टरले पटक-पटक विभिन्न परीक्षण गर्दै औषधी थपघट गर्दै गऱ्यौं । यसै बीचमा आयुर्वेदिक औषधी पनि चलाउने कि भन्ने सल्लाह भयो । हामीले भारतको 'जीभा' कम्पनीका डक्टरहरू नेपाल ल्याउने, बिरामी जाँच्ने र आवश्यक औषधीको व्यवस्था मिलाउने काम गर्दै आएको पेप्सीकोला काँडाघारीका एकजना व्यक्तिसँग भेट्न् अवसर मिल्यो । उनकै सहयोगबाट डाक्टरसँग भेट्ने काम भयो । बिरामी जाँचेर डाक्टरले औषधी लेखिदिए । उनले लेखेको औषधी नेपालमा नपाउने रहेछ । भारतको 'जीभा' कम्पनीबाट तिनै व्यवस्था मिलाउने व्यक्तिले झिकाइदिए र औषधी खान सुरु गरियो । उक्त आयुर्वेदिक औषधी र डा. चोखानीले दिएको दुबै औषधी खाने काम भयो । केही फाइदा भएको थियो । तिनै व्यक्तिले अकुपञ्चर गराउन भारतीय विज्ञ गङ्गा दादु नेपाल आएको बेलामा खबर गरेर हामीले जचाउन लग्यौं । गङ्गा दादुसँग एक कोर्ष अकुपञ्चर गराइन् । उनले एउटा मेसिन किन्न भनिन् र घरमा सधैं गर्न भनिन् । त्यो सबै काम गऱ्यौ । केही फाइदा पनि भयो । अक्सिजन, औषधी र डाक्टरको सरसल्लाहबाट सामान्य जीवन चलिरहेको थियो । जब २०७२ वैशाखमा भूकम्प आयो ।  त्यसले उनमा एकातिर त्रास पैदा भयो भने अर्कातिर घरबाहिर चौरमा पालमुनि बस्दा विभिन्न

असजिलाहरू आइपरे । त्यसपछि मञ्जुको स्वास्थ्य झन् बिग्रन थाल्यो । भारतीय नाकाबन्दीले गर्दा 'जीभा'को आयुर्वेदिक औषधी पनि भारतबाट ल्याउन सकिएन र त्यो औषधी खान छुट्यो । शरीर कमजोर हुँदै गर्दा पनि उनमा साहसको कमी थिएन । घरको सामान्य काम गर्ने गर्थिन् । यतिकैमा एकदिन उनको दिसाबाट निकै रगत निस्कियो । २/३ पटक रगतमात्र दिसा भएपछि उनलाई ओम अस्पतालमा लगियो । रातको बेलामा इमर्जेन्सीमा जँचाएर डाक्टरको सल्लाहनुसार ICU मा भर्ना गरियो । ५ दिन ICU मा राखेर सबै जाँच गराउँदा पनि खासै समस्या देखिएन र सामान्य औषधी दिएर १५ दिनपछि पुन आउने गरी डिस्चार्ज गरियो । घरमा ल्याइयो । दिसामा क्रमिक सुधार भयो । उनको शरीर बिस्तारै कमजोर हुँदै गएको थियो । अक्सिजन २४ सै घन्टा लगाउनु पर्ने भयो । अक्सिजनको पाइप लामो लगाइएको हुँदा घरभित्रबाहिर र सँगैका अरू कोठाहरूमा घुम्न सक्ने अवस्था थियो । उनलाई कतै लैजानुपर्दा अक्सिजन नछुटाईकन लाने व्यवस्था मिलाउनु पर्दथ्यो । आफ्नो त्यस्तो अवस्था देखेर उनी कतै पनि जान मन गर्दैनथिन । अरूहरूले हिँडेको देखेर आँखाभरि आँसु पार्दै निन्याउरो अनुहार लगाउँथिन् ।

कतैबाट निमन्त्रणा आउँदा पनि दिक्क मानेर मेरो सट्टा पनि हजुरले जानुहोला, कसैले मलाई सोधे भने सन्चो छैन भनिदिनुहोला भन्ने गर्थिन् । फर्केपछि कस्तो थियो कार्यक्रम मलाई कसैले सोधे भनेर जिज्ञासा राख्ने गर्थिन् । मेरो जिन्दगी

अब यस्तै गरी बित्ने भयो । कतै जान सक्दिन होला भन्ने गर्थिन् मञ्जु ।

छोरी श्रद्धा एम्.बी.ए.मा प्रथम भएको खबर सुन्दा उनी ज्यादै खुसी भइन् तर दीक्षान्त समारोहमा जान नसक्दा दुःखी पनि भइन् । छोरीको बिहे गर्नेबारे उनको सल्लाह र सहयोग यथेष्ट रह्यो । उनी कतै जान र केही गर्न सक्ने अवस्थामा थिइनन् तर पनि उनले हामीलाई सरसल्लाह दिएर सहयोग पुऱ्याइन् । छोरीलाई सम्झाउने, बुझाउने, छोरीका भावनालाई बुझेर उनले दिएका सल्लाहलाई आधार मानेर हामीले सबै काम सम्पन्न गऱ्यौं । छोरीको बिहे वि.सं. २०७२ सालमा गरियो । बिहे मिराकल पार्टी प्यालेस, सुकेधाराबाट गरियो । कपन निवासी श्री सुनील आचार्य र सृजना आचार्यका सुपुत्र स्वप्निल आचार्यसँग गरियो । बिहेमा अक्सिजनको पाइप नछुटाईकन कन्यादान गर्ने व्यवस्था मिलाइएको थियो । त्यतिबेलासम्म बिस्तारै हिँड्न सक्ने अवस्था थियो । छोरीको बिहे पूरै समय बसेर हेरिन् । छोरीलाई बिदा गरिसकेर मात्र हामी सँगै घर फर्कियौं । बिहेमा आउने आफन्तहरूसँग छोटो कुरा गरेर बसिन् । उनलाई देखेपछि भेट्नेहरूको आँखामा आँसु टलपल हुँदै गरेको देखिन्थ्यो । मेरो ज्यान बिहेको यज्ञनिर भए पनि ध्यान मञ्जुतिर थियो । म पटक-पटक उनी बसेको कोठामा गएर उनको स्थिति बुझ्ने गर्थे । अरूसँग धेरै नबोल्न भन्दथे । छोरीको बिदाइ उनले कोठैबाट गरिन् । यताउता हिँड्न सहज थिएन । उनका आँखाहरू

छोरीलाई बिदा गरेपछि रसाइरहेका देखिन्थ्यो । यति हुँदाहुँदै पनि छोरीको बिहेबाट उनी खुसी नै भएको देखिन्थ्यो ।

छोरीको बिहे सकिएपछि हामी सबैको ध्यान उनको स्वास्थ्य सुधार गर्नेतर्फ केन्द्रित भयो । 'जीभा'को औषधी झिकाइयो । नर्भिक अस्पतालमा भर्ना गराइयो । अस्पतालमा एकहप्ता बसेर आउँदा केही राम्रो भएको थियो । बिस्तारै अक्सिजनले राम्ररी काम गर्न नसक्ने भयो । डा. चोखानीले (VPAP) मेसिन किन्ने सल्लाह दिनुभयो । डाक्टरले भनिदिएको ठाउँबाट उक्त मेसिन किन्ने काम भयो । प्राविधिकको सहयोगबाट उक्त मेसिन लगाउने तरिका सिक्यौँ । त्यो मेसिन लगाउँदा पूरै मुख र नाक ढाक्ने हुँदा आत्तिने, डराउने हुँदो रहेछ । जति गाह्रो भए पनि बिस्तारै लगाउन थालिन् । मलाई किन यस्तो रोग लाग्यो ? त्यस्तो पाप कार्य मैले के गरेछु र आज यस्तो दुःख पाएँ, बरु मर्न पाए मलाई सजिलो हुन्थ्यो भन्दै उक्त मेसिन लगाउने गर्थिन् । मेसिनले दुखाउने एकातिर शरीर दुख्ने अर्कोतिर, पीडैपीडामा बाँच्न कति गाह्रो । हेर्न पनि दिक्क लाग्ने । सहने शक्ति उनमा ईश्वरले दिएर नै उनले सहन सकिन् । दिउँसो भेट्न आउने आफन्तहरू भइ नै रहन्थे । सायद उनलाई समय बिताउन सहजै भयो कि भन्न सकिन्छ, जब रात पर्थ्यो कोठामा उनी र म दुईजना मात्र हुन्थ्यौँ । उनलाई रातमा बढी अत्यास लाग्ने हुँदोरहेछ । जिउ दुख्ने, कहिले हातगोडा दुख्ने हुन्थ्यो । विभिन्न मालिस गर्ने औषधीहरू लगाइदिन्थेँ । मालिस गर्दैगर्दा उनी निदाएजस्तो

लागेपछि म आफ्नो ओछ्यानमा सुत्न जान्थे । उनी सकेसम्म मेरो निन्द्रा नबिग्रियोस भनेर सहँदै छटपटी गर्दै गरेको देख्थे र उठेर अक्सिजन हेर्ने, उनलाई उठाएर राख्ने, दुखेको ठाउँमा मालिस गर्ने गर्दथेँ । प्रायः सधैँ यस्तै गरेर रात बित्दथे ।

एकदिन उनलाई अलि बढी छटपटी भयो । अस्पताल लानेभन्दा उनले पर्दैन बिस्तारै ठिक हुँदैछ भनिन् । राति भएपछि निकै साह्रो भयो । भोलिपल्ट बिहानै नर्भिक अस्पताल लगियो । दिनभरि सबै जाँच गरेँ, दिउँसो ५ बजेतिर भर्ना गर्नुपर्छ भनेर त्यही भर्ना गरियो । ७ दिन अस्पतालमा राखेर उपचार गर्दा निकै राम्रो भयो । घरमा ल्याएर बिस्तारै हिँडडुल गर्न सक्ने भइन् । आफैँ खान, बाथरुम जान, लुगा लगाउन सक्ने भइन् । हामी सबैमा खुसी छायो । उनीमा पनि बाँच्ने आशा पलायो । उनलाई अक्सिजन नै मेरो प्राण हो, यो नभए म बाँच्दिन भन्ने बोध भएको थियो । बिजुलीबाट चल्ने मेसिनले अक्सिजन बनाएर पठाउने हुँदा बिजुलीको लाइन बन्द भयो कि उनी आत्तिएर कराउँथिन् । सोलारबाट चल्नसक्ने व्यवस्था मिलाएपछि उनी पहिलेजस्तो आत्तिन छोडिन् । शरीरमा अक्सिजनको मात्रा कम हुने बित्तिकै उनको अवस्था खराब हुनेहुँदा एकजना सबै कुरा जान्ने व्यक्तिले छोड्नै मिल्दैनथ्यो । त्यसैले गर्दा शारदा र म पालोपालो गरेर बस्दथ्यौ । यसरी नै दैनिकी चलिरहेको थियो ।

एकदिन बिहान उनी र म चिया नास्ता गरिसकेर कोठामै थियौ । उनीले औषधी खान पानीका लागि थर्मसको बिर्को

खोल्न लागिछन् । त्यत्तिकैमा देब्रे हातको पाखुराको हाड भाँचिन पुगेछ । भाँचिनासाथ उनी यस्तो आवाजले कराइन् कि त्यस्तो चिच्याएको आवाज मैले जीवनमा सुनेकै छैन । आवाज लगातार आउन थाल्यो । मैले पाखुरा समातेर हेरे, भाँचिएको भन्ने प्रस्ट थाहा भयो । यत्तिकैमा भाइ चन्द्रलाई फोन गरेर बोलाएँ । नरम कपडा लाएर पाखुरा नहल्लिने गरी बाँधेर घाँटीमा झुन्ड्याए । त्यत्तिकैमा भाइ आइपुग्यो र उसले एम्बुलेन्स बोलायो । बिहान १० बजेतिर ग्रान्डी अस्पतालमा लगियो । शनिबार परेकाले डा. चक्रराज पाण्डे साँझमा मात्र आउनुभयो । उहाँका टिमका साथी डा.ले सामान्य जाँच गरेर ब्यान्डेज लगाएर राख्ने काम भयो । अस्पतालको ७१३ नं.को बेडमा भर्ना गरियो । आइतबार बिहान डा. पाण्डे आउनुभयो र पुराना सबै कागज हेरेर बिरामीको अवस्थाको जानकारी लिनुभयो । फोक्सो र मुटु हेर्ने डाक्टहरूसँग सल्लाह गरेर मात्र अपरेसन गर्ने भन्नुभयो । त्यही दिन दुवैथरी डाक्टरहरूले आएर हेरे । उहाँहरूको बीचमा सल्लाह भएछ । त्यसपछि भोलिपल्ट (सोमबार) बिहान अपरेसन गर्ने जानकारी पायौँ । सोमबार बिहान ८ बजे अपरेसन कक्षमा लगियो । ११ बजेतिर अपरेसन सकेर बेडमा ल्याइयो । डा. पाण्डेले अपरेसन त राम्रै भयो तर उहाँको अरू अवस्था त्यति राम्रो छैन भन्नुभयो । भाँचिएको ठाउँमा स्टिल पाता राखेर कसेको रहेछ । १० दिनको दिन अस्पतालबाट घर ल्याइयो । अस्पतालमा रहँदा धेरै थरी जाँचहरू गरिए । सबै रिपोर्टहरू हेरेर डा. अर्जुनबहादुर

कार्की र डा. पाण्डेले हाड धेरै कमजोर भएको छ; जतन गरेर यताउता गर्नुहोला । छातीमा इन्फेक्सन भएको छ । हामीले औषधी लेखिदिएका छौँ भन्नुभयो । १५ दिनपछि पुनः अस्पताल आउनुहोला भनेर सबै कुरा सम्झाउनु भयो ।

ग्रान्डी अस्पतालबाट घर ल्याएपछि एकातिर उनको मानसिकता हरेस खाएको वा निरास भएको जस्तो देखिन्थ्यो भने अर्कोतिर शरीर दुब्लाउँदै गयो । कुनै पनि कुरामा ध्यान नदिने गर्न थालिन् । सधैँ हात भाँचिएको ठाउँ हेर्दै दिक्क मान्ने गर्थिन् । आफैं खान, दिसापिसाब गर्न, सुत्न, उठ्न नसक्ने अवस्थामा रहँदा कति गाह्रो भयो होला । शरीरमा तागत कम हुँदै गएकोले उनका हातगोडाहरू काँप्दथे । हाडहरू कमजोर भएकाले जतासुकै दुखेर छटपटी गरिरहन्थिन् । अब मेरो शरीर यस्तो हुने हो ? मलाई सन्चो हुँदैन होला हगि, हजुरहरूलाई मैले धेरै दुःख दिएँ । म ठिक भए भने सबै काम राम्ररी गर्ने थिएँ, देवताको पूजा गर्थें, खाना बनाएर खान दिन्थें, हजुरको राम्ररी सेवा गर्ने थिएँ, तर के गर्नु मलाई ठिक होलाजस्तो छैन । मेरो कर्म कस्तो रहेछ श्रीमान्लाई स्याहार गर्न नपाउने । मैले कति पाप भोग्नु पर्ने हो हजुरलाई यी सबै काम गर्न लगाएर । हे भगवान् मलाई किन यस्तो अवस्थामा पुऱ्यायौ । मलाई अब अरू दुःख दिन मन छैन भनेर आँखाबाट आँसुका धारा बगाउँदै मलाई अँगालो हालेर रुँदा मेरो पनि छाती फुट्ला जस्तै भयो । हामी दुबैजना रुँदै एकछिन बस्यौँ । मैले उनलाई सम्झाएँ । जब उनको हात भाँचियो,

त्यसैबेलाबाट उनले हरेस खाइन् । कहिलेकाहीँ हात जोडेर आँखा बन्द गरेर बस्दथिन् । आवाज ननिकालीकन केही भनिरहेको जस्तो गरी ओठहरू चलिरहेका देखिन्थे । पछिल्ला दिनहरूमा उनी कुरा गर्न रुचाउँदैनथिन् । भेट्ने मानिसहरू आउँदा त्यति खुसी हुन्नथिन् ।

उनलाई निकै पीडा भएको जस्तो लागेर अस्पताल लगियो । डा. चोखानीले अस्पताल भर्ना गर्ने सल्लाह दिनुभयो । नर्भिक अस्पतालमा भर्ना गरियो । ८ दिनमा डिस्चार्ज गरेर घर ल्याइयो । यसपटकको अस्पताल बसाइबाट खासै सुधार भएन । अस्पतालबाट ल्याएको चौथो दिनमा उनलाई धेरै गाह्रो भयो । फेरि अस्पताल लगियो । भर्ना गरियो । डा. चोखानी र उहाँको टिमले विशेष निगरानीका साथ हेर्नुभयो । पटक-पटक औषधी हेरफेर पनि गरेर हेर्नुभयो । भर्ना भएको ६ दिनपछि डाक्टले भन्नुभयो- उहाँको सुधार हुन सकेन, कुनै पनि औषधीले काम गरेको छैन । हामीले अरू थप औषधी दिन सक्ने अवस्था पनि छैन । हेर्दै जाउँ हामी कोसिस गर्दैछौँ । रोगका बारेमा तपाईंलाई थाहै छ । कुनै पनि बेला जे पनि हुन सक्दछ । डाक्टर आउँदा मलाई निको हुँदैन कि के हो ? निको हुने औषधी दिनु न डाक्टर साहेब भन्दै मञ्जुले भन्दा डाक्टरले हामी कोसिस गर्दै छौँ; नआत्तिनोस् भन्नुहुन्थ्यो । हामीसँग पनि निको हुने औषधी दिदैनौ, आफूलाई कति गाह्रो भएको छ, मेरो व्यथा र दुःख कसैले बुझ्दैन भनेर रुने गर्थिन् उनी ।

२०७३ चैत्र २८ गते मैले उनीसँग कुरा गरेको जीवनको अन्तिम दिन रहेछ । म बिहान ७ बजे अस्पताल पुगेर बिहान खानुपर्ने औषधी र दुध, बिस्कुट खान दिएँ । ज्यादै थोरै खाइन, १० बजेतिर उनका कान्छी बैनी कल्पनालाई बस्न भनेर खानका लागि सुप, जुस र दुध लिन गएँ । लिएर आउँदा उनलाई दिसा लागेछ र कल्पनाले व्यवस्था मिलाउँदै रहिछन् । मैले उनलाई सहयोग गरेँ । ल्याएको खाना खाऊ भन्दा ज्यादै थोरै खाइन र दिउँसो  खान्छु, अहिले राखिदिनुस् भनिन् । दिउँसो मेरू आइन् । मेरू र म भएर खुवाउन खोज्दा खान नमानेपछि म रिसाएँ । केही नबोलीकन आँखाभरि आँसु बगाइन् । उनलाई धेरै गाह्रो भइसकेको रहेछ । उनी दिनभरि प्रायः सुतेरै बसिन् । पटक-पटक हात जोडेर ओठहरू चलाउँदथिन् । आज राति को बस्ने भनेर सोधिन ? मेरू र म अथवा मेरू र चन्द्र बस्दा हुन्न भनेर मैले भने । उनले शारदालाई बोलाउनुस् भनिन् । शारदा र मेरू बस्दा हुन्छ भनिन् । साँझ ७ बजेतिर शारदा आइपुगिन् । त्यसपछि म घर जाऊँ त भनेर सोद्धा मुन्टो हल्लाएर जाने इसारा गरिन् । मैले मेरू र शारदालाई ल म गएँ, केही गाह्रो भयो भने खबर गर्नु भनेर घरतिर लागेँ ।

राति २ बजेतिर मेरूले भाइ चन्द्रलाई फोन गरेर ICU मा लगे । निकै गाह्रो भएको छ आउने हो कि, के गर्ने हो भनेर भनेपछि चन्द्रले मलाई फोन गर्‍यो । हामीले जाने सल्लाह गर्‍यौं । भाइ सुकेधारा घरमा आइपुग्ने बित्तिकै फेरि फोन आयो तुरुन्त

आफ्नो मान्छेलाई बोलाउनु भनेको छ भनेर । हामी गयौँ, अवस्था सबै हेर्‍यौँ, डाक्टरहरू आए, धेरै कोसिस गरे, केही उपाय छैन भनेर हामीलाई भनेपछि उनीहरूले २९ गते बिहान ३:४५ बजे मृत घोषणा गरिदिए । यसरी मञ्जुको उपचार यात्रा समाप्त भयो र भौतिक शरीरलाई छोडेर प्राण (आत्मा) वायुमण्डलमा विलय भयो ।

# अन्तिम बिदाइका क्रममा

म मलामी भएर गएको थिएँ तर मलाई म आफैं शव थिएँ र अरू मेरा मलामी भएर आर्यघाटतिर गइरहेका थिए जस्तो लागिरहेको थियो । म चाहन्थेँ, मेरा मलामीहरूलाई देख्न सकूँ, उनीहरूको कुरो सुन्न सकूँ। आफूलाई आफन्तहरूले चिनेका, बुझेका तितामिठा अनुभवहरू आपसमा साटासाट गर्दै मेरा बारेमा स्वतन्त्र रूपमा समीक्षा गरेको सुन्ने र हेर्ने मेरो चाहना पूरा हुँदै गरेको मैले महसुस गरेको थिएँ । त्यो शव मञ्जुको भौतिक रूपमा देखिए तापनि त्यसभित्र म पनि समाहित थिएँ जसले गर्दा मैले ती कुराहरूको अनुभूति गर्न सकेँ । म समाजसमक्ष कसरी अभिनय गर्दै रहेछु, मेरो अभिनयलाई समाजले कसरी हेर्दै गरेको रहेछ, मेरो उपस्थिति समाजलाई कति आवश्यकता रहेछ, मैले समाजलाई के दिन सकेको रहेछु, समाजबाट मैले के पाउन सकेको रहेछु यी

सबै पक्षलाई समाजले थोरै भए पनि केलाएर हेरेकामा म आभार प्रकट गर्दछु । अरूले देख्दा म जीवित र उनीहरूकै साथमा भए तापनि मेरो आत्मा निर्जीव भइसकेको थियो । मेरो आत्माले काम गर्न छोडिसकेको थियो । मेरो मुटु र नाडी चलिरहेको भए तापनि फोक्सोले काम गर्न छोडिसकेको थियो । मेरा बाहिरी आँखाबाट आँसु बग्दै गरेको सबैले देखे तापनि भित्री आँखा बन्द भइसकेका थिए । मेरो मस्तिष्कले सायद केही प्रतिशत काम गर्दै थियो होला तर पनि म पूर्ण रूपमा निस्क्रिय भइसकेको थिएँ ।

जब उनको शव आर्यघाटको ब्रह्मनालमा राखिएको अवस्थामा मैले देख्न पुग्छु तब म झसङ्ग हुन्छु । म कहाँ आइपुगेँ ? यो दुलहीको पहिरनमा सुतिरहेको व्यक्ति को हो ? कसले यहाँ ल्याएर किन सुताएको होला, के यिनी साँच्चिकै निदाएकी नै हुन् ? शिलाको ओछ्यान र सिरानीमा पनि यसरी मस्त निदाउने व्यक्ति पक्कै पनि सारै थकाइ लागेको हुनुपर्छ भन्ने जस्ता विभिन्न तरङ्गहरू मेरा मस्तिष्कमा दगुर्न थाले । मैले अनुहारलाई नजिकबाट नियालेर हेर्ने प्रयत्न गरेँ तर मेरा आँखाहरू तिरमिराइरहेकाले प्रष्ट ठम्याउन सकिनँ । यत्तिकैमा परबाट कसको आवाज आउँछ । ती सुतेको व्यक्ति तिम्रो पत्नी मञ्जु निदाएको होइन, उनको मृत्यु भइसकेको हो । त्यो आवाज मेरो कानमा पर्नासाथ मलाई त्यो भन्ने व्यक्तिलाई चिथोर्न निचोर्न मन लाग्यो तर त्यो व्यक्ति को थियो मैले चिन्न सकिनँ । त्यसपछि म चिच्याएर कराउँदै जथाभावी हिँड्न खोज्दा २ जनाले मलाई

समाते र निश्चित ठाउँमा राखे । म निरन्तर आँखाबाट आँसु झार्दै रहेँ । धेरैले सम्झाउँदै गरेको मलाई याद थियो ।

केहीबेर पछि भाइ चन्द्रले आँखाबाट आँसु झार्दै दागबत्ती दिनको लागि मेरो अनुमति लिन आयो । त्यो क्षण मलाई कस्तो भयो म शब्दमा व्यक्त गर्न सक्दिनँ । हेर्दाहेर्दै उनको शरीरलाई आगोले जलाउन थाल्यो । त्यो दृश्य हेरेर बस्न सकिनँ र मलाई घर पुऱ्याइदिनू ठिक हुन्छ भनेर धेरैले भन्न थाले । मलाई अर्धचेतको अवस्थामा डोऱ्याएर सम्धी नारायणप्रसादको गाडीमा घर सुकेधारामा पुऱ्याइयो । क्रमशः दिनहरू बित्तै जान थाले । भेट्न आउने आफन्तहरूले विभिन्न किसिमका विचारहरू राख्दथे । सम्झाउने काम गर्दथे, मेरा आँखामा ढलपल ढलपल भइरहेका आँसु कहिले पोखिन्थे भने कहिले आँखामा सुक्दै रहन्थे । अरूले ज्ञान सम्झाए पनि सम्झिन गाह्रो हुँदारहेछ । अरूलाई दुःख पर्दा सम्झाउने मान्छे म आज अबुझ जस्तो भएर पीडामा छटपटाइरहको देख्दा आफन्तहरूमा चिन्ता हुनु स्वाभाविक नै हो ।

विस्तारै मनलाई आफैँ सम्झाउन थाले, जसले छिटो काम सक्दछ, ऊ चाँडै घर फर्कन्छ, जसको ओर्लने ठाउँ चाँडै आइपुग्छ, ऊ छिटै बसबाट ओर्लन्छ, त्यसैले उनी आफ्नो काम छिटै सकेर आफ्नै ओर्लने ठाउँमा ओर्लेकी हुन् भन्दै मैले यसरी आफ्नो मनलाई बुझाउने प्रयत्न गर्दैरहेँ । छोराबुहारीहरू, नाति, नातिनीहरू सबै जम्मा भएका विस्तारै १३ दिनको कार्यक्रमपछि

आ-आफ्नो कार्यस्थलतिर लागे। अरू आफन्तहरू पनि १३ दिनसम्म आइरहन्थे। त्यसपछि आउन छोडे। विस्तारै घर शून्य हुन थाल्यो। घरमा बस्दा केवल उनको याद र उनले सङ्ग्रह गरेका वस्तुहरू मात्र देखिन थाले। प्रत्येक वस्तुहरूमा उनको तस्बिर देखिन थाले। कोठामा उनी बसिरहेको जस्तो लाग्ने, अक्सिजनको मेसिन चलेको आवाज आएजस्तो लाग्ने, उनले बोलाएको आवाज आएजस्तो लाग्ने गर्दछ। उनलाई औषधी खुवाउने बेला भयो कि, खाजा खाने बेला भयो, के दिने हो भन्ने तरङ्ग पटक-पटक आइरहने जस्ता अवस्थामा दिन र रात राम्ररी नछुट्टिएकै अवस्थामा बाँच्दै छु।

# मञ्जुको व्यक्तिगत विवरण

| | |
|---|---|
| नाम | : मञ्जु पन्त |
| पिता | : खगराज पन्त |
| माता | : यदुकुमारी पन्त |
| जन्मस्थान | : लमजुङ, चिती स्याउत |
| जन्म मिति | : २०१८।११।१३ |
| मृत्यु | : २०७३।१२।२९ |
| विवाह | : २०४३/०३/०३ |
| पतिको नाम | : विष्णुप्रसाद पन्त |
| शिक्षा | : प्रवीणता प्रमाणपत्र तह |
| अध्ययन गरेको विद्यालय | : जनकल्याण मा.वि., लमजुङ, तिलाहार |
| अध्यापन गरेको विद्यालय | : हिमालय प्रा.वि. (२०३५-२०४२), लमजुङ |

संलग्न संस्थाहरू :

- अध्यक्ष– दीपिका इ. स्कुल, चाबहिल (२०५०–२०७१)

- संस्थापक– दीपाङ्कुर इ. स्कुल, कपन
- सदस्य – रिलायन्स सहकारी संस्था

रुचि : नृत्य, गायन, कविता-गीत लेखन

**<u>नाता सम्बन्धहरू</u>**

देवर/देवरानी– चन्द्रप्रसाद पन्त/ मेरू पन्त
दिदी/भिनाजु– विमला कँडेल/ रामनाथ कँडेल
बहिनी/ज्वाइँ – मुना थपलिया/उद्धव थपलिया
बहिनी/ज्वाइँ – कल्पना पाण्डे/राजु पाण्डे
भाइ/बुहारी – राजु पन्त/ सुनीता पन्त
भाइ/बुहारी – दीपक पन्त/ कविता पन्त
छोरी/ज्वाइ – श्रद्धा पन्त/ स्वप्निल आचार्य
छोरा/बुहारी – उत्तम पन्त/ राधा पन्त
छोरा/बुहारी – विवेक पन्त/ वसन्ती पन्त
बाबु/आमा– खगराज पन्त/यदुकुमारी पन्त

# मञ्जुका स्मृतिमा परिवारले गरेका कार्यहरू

१. स्मृति पुरस्कार कोषको स्थापना
२. स्मृति पुस्तक प्रकाशन

मञ्जुको सम्झनामा 'मञ्जु पन्त स्मृति पुरस्कार' दिनको लागि पशुपति मित्र मा.वि., चाबहिलमा अध्ययनरत विद्यार्थीले कक्षा १० को एस.ई.ई. परीक्षामा सर्वोत्कृष्ठ अङ्क ल्याउने छात्राहरू बढीमा २ जनालाई पुरस्कार दिने उद्देश्यले विद्यालयका प्र.अ. र कोष संस्थापकका तर्फबाट विष्णुप्रसाद पन्त र श्रद्धा पन्तमध्ये एकको दस्तखतबाट सञ्चालन हुने गरी "मञ्जु पन्त स्मृति कोष" स्थापना गरिएको छ। उक्त अक्षय कोषमा रू.२,००,०००।- (अक्षरेपी दुई लाख) जम्मा गरिएको छ। त्यसबाट प्राप्त हुने व्याजबाट प्रमाणपत्र सहित पुरस्कार दिइने व्यवस्था मिलाइएको छ। उक्त कार्य विद्यालयले गर्नेछ। उक्त पुरस्कार वार्षिक रूपमा कार्यक्रम आयोजना गरी वितरण गरिने छ।

# खण्ड–२
# सिर्जनामा मञ्जु

# दिन र रातको सिलसिलामा

हरेक प्रभातको साथमा
देखा पर्छ रविको किरण
सफल र असफलको सिलसिलामा
हरेक सफलताको साथमा
आभास पर्छ एउटा नयाँ जीवन ।

वेदना र दुःखहरूले
भरिएको जीवनमा को आइदेला
तड्पी तड्पी बाँचेको जीवनमा
कसले पो साथ देला ।

हजार माया अटाउने मुटुमा
छायाँबाहेक अटेन

रङ्गीचङ्गी फूल फुल्ने बगैँचामा
काँडबाहेक पलाएन
विश्वास दिने ओठमा
घृणाको शब्द बाहेक मिलेन ।

म त तिमीलाई के दिन सक्छु
केबल दुई थोपा आँसु बाहेक
जिन्दगीभित्र अरू छैन मेरो
हृदयका कुनै उपहार ।

तिम्रो प्रतीक्षा गर्दागर्दै
नयनहरू थाकी सके
जीवनका सुन्दर सपनाहरू
कता कता टाढा भागिसके

# नारी जीवन

कस्तो छ हाय नारीको कर्म जन्मस्थल छोडेर
आउनु है पर्ने अर्काको घरमा माइती घर तोडेर
ती प्यारा भाइ, ती प्यारा बैनी ती प्यारा सङ्गीनी
सबैलाई छोडी आउनु है पर्ने कठोर दि बनी
ती प्यारा गोठ ती प्यारा वृक्ष ती प्यारा खेतवारी
लगाई सबलाई प्रेमको पाला दुखित दिल गरी
बेचिनु पर्ने गाइभैंसी जस्तै बनेर नारीले
सहनु पर्ने अनेक दुःख अन्याय हामीले
नारीलाई छैन स्वतन्त्र कैले अघि बढेर बोल्नलाई
पुरुषले सधैँ बाँधेर राख्छन् नारीको जीवनलाई
सहन्नौ अब अन्याय हामी सहन्नौ सहन्नौ
तोडेर अब दुःखको डोरी अन्याय सहन्नौ ।

# छोरी नि पढ्नुपर्छ

छोरी पढाऊ हे बुबा मुमा छोरी पनि तिम्रै हो सन्तान
छोरीले नि पढ्न सके गर्न सक्छन् काम
नेपालको इतिहासमा राख्न सक्छन् नाम
छोरी भनी हेला गरी नराख्नोस् छाडी
शिक्षा भन्दा ठूलो कुरो छैन जगत्भरि
पढाइदिँदा अंश दिनुपर्ने छैन कत्ति
शिक्षा बुद्धि प्राप्तपछि हामी बन्छौँ रती
संसारमा अन्धकार हुनुभन्दा बरु
अन्धो भई बाँच्नु भन्दा गर्भभित्र मरु
छोरा र छोरीको एउटै जीवन
छोराको शिरमा टोपी हाम्रो  रिवन
एकै रक्त एकै गर्व एकै हाम्रो जात
अन्धो बनी अर्कासँग लगाइदिने साथ

कहाँको आकाश पाताल घामले चुम्बन गर्ला
कहाँको तिमी र हामी मायाले सम्भाई देला
बासना दिने फूल फुल्यो सधैँका लागि हैन
सपनीमा देख्छु म मर्म तिमीलाई छैन ।
दिन पनि होइन रात पनि साँझमा पानी पर्ला
देहमा होइन मुटुमा मायाले चस्काई देला
कहाँको आकाश पाताल घामले चुम्बन गर्ला
कहाँको तिमी र हामी मायाले सम्भाई देला ।

# माइती घर

रमाइलो लाग्छ मलाई त्यो माइती घर
त्यही जन्मे त्यही हुर्कें स्याउत भन्ने गाउँ
छोडेर आउन मन लाग्दैन त्यो रमाइलो ठाउँ
घर जाऊँ गाली गर्लान् मेरो को पो छर
सपनीमा पनि देख्छु आफ्नै माइती घर
रमाइलो लाग्छ मलाई त्यो माइती घर
घरबाट माइत जाँदा बुबामुमाको काख
दाजुभाइ दिदीबैनी कोही गर्दैनन् पाख
रमाइलो लाग्छ मलाई त्यो माइती घर

# खण्ड–३
# आफन्तका दृष्टिमा मञ्जु

# सम्झना

बहिनी–मुना पन्त (थपलिया)

पूर्णिमाको दिन थियो त्यो जूनेली रात ।
दिदी तिमी उडी गयौ कोही छैन साथ ॥
हिजोसम्म सबै थिए तिम्रा वरिपरि ।
दिदी आज कता गयौ हाम्रो माया मारी ॥
जन्मेपछि एकदिन छोडी जानु पर्छ ।
तिमीलाई सम्झिदा त आँसु मेरो झर्छ ॥
दिदी तिम्लाई सम्झिएर दिनरात रुन्छु ।
जहाँ गए पनि त्यो आत्माले शान्ति पाओस् भन्छु ॥
तिमीले त छोडी गयौ यो जन्मको चोला ।
तिम्रो हाम्रो भेट अब कुन जन्ममा होला ॥
तिमीसँग भेट हुने केही छैन आश ।
दिदी तिम्रो सधैँ होस् बैकुण्ठको बास ॥
ईश्वर तिमी निठुरी बनी लिएर गयौ नि ।
हे दिदी तिम्रो बैकुण्ठमा होलान् सँगिनी ॥

# मञ्जुको आनिबानी

– दिदी- विमला कडेल

१०, ११ वर्षको उमेरदेखि नै बाहिर त्यति हिँडडुल गर्न चाहन्नथी । घरभित्रको काममा नै उसलाई मन पर्थ्यो । खाना पकाउन, मिठो-मिठो तरकारी पकाउन, सफासुग्घर गर्न बढी रुचाउँथी । ऊ केटाकेटी बेलादेखि नै शृङ्गार गर्न, गहना लगाउन र थरिथरिका लुगा लगाउन बढी मन पराउँथी । साथीहरूसँग खेल्दा पनि उसमा बढी ठट्टा गर्ने र सबैलाई हँसाउने उसको बानी थियो । विद्यालय जाँदा पनि साथीहरूसँग त्यसरी नै गफ गर्ने र हँसाउने उसको आदत थियो । घरमा कोही अतिथिहरू आएमा पनि ऊ चियाखाजा बनाएर खुवाउन उसलाई रमाइलो लाग्थ्यो ।

उसको शैक्षिक योग्यता एस्.एल्.सी. मा थियो । उसले कक्षा १ देखि कक्षा चारसम्म श्री शान्तिभवन प्रा.वि. स्याउतमा नै अध्ययन गरेकी थिई । त्यसपछि कक्षा ५ देखि श्री जनकल्याण हाइस्कुल, तिलाहारमा अध्ययनरत थिई । त्यसै विद्यालयबाट एस्.एल्.सी. उत्तीर्ण गरेकी थिई ।

# मेरी आमा

–छोरी श्रद्धा पन्त

आमाको ममताको परिभाषा दिन सायद जरुरी हुँदैन किनकि आमाको मायाको गहिराइ र निश्छलताको अनुभव प्राय: सबै छोराछोरीलाई हुन्छ तर मेरी आमा (मम्मी)को जस्तो ममता मजस्ता थोरै भाग्यमानीले मात्र बुझ्न पाएका हुन्छन् भन्ने मलाई लाग्छ । मेरो जीवनको सत्ताईस वर्षसम्म कुनै पनि बेला लामो समयसम्मको लागि म आफ्नो मम्मीबाट टाढा भइनँ । उहाँको न्यानो मायामा सधैं रमाउन पाएँ । मेरी मम्मीको हरेक पल र हरेक सासमा मेरो चिन्ता र ध्यान हुन्थ्यो । मेरो सानोभन्दा सानो कामको सफलताका लागि पनि प्रार्थना गरेर बस्ने उहाँको बानी थियो । मलाई याद छ म जुनसुकै परीक्षा, चाहे त्यो स्कुलको, कलेजको वा कामको इन्टरभ्युका लागि होस मेरो नाममा भगवानका अगाडि बत्ती बालेर पूजा गर्ने उहाँको बानी थियो र म घर नपुग्दासम्म त्यो बत्ती बलिरहन्थ्यो । सायद उहाँको प्रार्थना, ईश्वरप्रतिको आस्था र मेरो मेहनतले सबै काम सफल हुँदै गए ।

आफू जस्तोसुकै बिरामी हुँदा पनि मेरो पढाइमा असर नपरोस् भनेर मम्मीलाई आफ्नो दुःख देखाउन मन लाग्दैन थियो । मिठो खुवाउने र घरको कुनै पनि काम गर्न नदिएर छोरीलाई सुखमा हुर्काउनु नै उहाँको जीवनको लक्ष्य थियो जस्तो लाग्छ । परिवारको हरेक सदस्यप्रति उहाँको अपार माया झल्किन्थ्यो ।

अहिले मलाई मेरो मम्मीको कमीले दिनरात सताउँछ, तर उहाँले जानुभन्दा अघि भनेका कुराहरूले मलाई सहनशील बन्न सिकाएको छ । उहाँले "मलाई केही भयो भने पनि तँ नडराउनु, नआत्तिनु है । त्यति गरिस् भने मेरो आत्मालाई आनन्द हुन्छ" भन्नुभएको थियो र उत्तरमा मैले "हस्" भनेको थिएँ । सायद त्यो कुराले मलाई सहने शक्ति दिएको छ । जब म रुन खोज्छु म आफूलाई सम्हाल्छु, यो सोचेर कि म उहाँलाई पीडा दिन सक्दिनँ ।

समय समयमा हामी दुईजनाबीच सानोतिनो झगडा परिरहन्थ्यो तर त्यो केही घण्टामै साम्य पनि भैहाल्थ्यो । मेरो दिनभरिमा घटेका घटनाहरू म उहाँलाई घर आएर सुनाउँथे । मलाई परेका दुःख, मेरो रिस र बेलाबेलामा मेरो मुड अफ हुने बानी आदि इत्यादि उहाँलाई सबै थाहा थियो । मेरी आमा मेरो साथीकै रूप हुनुहुन्थ्यो ।

उहाँको इच्छा थियो कि उहाँ बितेको मैले हेर्नु नपरोस् । यो कुरा पनि उहाँ जानुभन्दा केही हप्ता अघि मसँग भएको थियो । अनि नियति पनि त्यस्तै रहेछ । म खासै कहिल्यै काठमाडौं

छोडेर बाहिर नजाने मान्छे उहाँ जानुभन्दा दुईदिन अघि अफिसको कामले म पोखरा जानुपर्ने भयो । बिरामी आमालाई अस्पतालको बेडमा छटपटाएको देख्दादेख्दै मलाई जान मनै थिएन तर बाध्यता थियो । सायद मैले मेरी आमासँग बोल्न पाउने त्यो अन्तिम पटक थियो भन्ने कुराका ज्ञान मलाई भएन र म पोखरा गएँ । उहाँको देहान्त मैले देख्न पाइनँ । उहाँको सास जाने बेलामा म उहाँको नजिक नहुनु पछाडि पनि उहाँकै इच्छा थियो जस्तो लाग्छ ।

आज पनि दिनको हरेक पलमा उहाँलाई सम्झिरहन्छु र आफूलाई भाग्यमानी ठान्छु कि म त्यस्तो ममताकी मूर्तिकी छोरी भएर जन्म लिन पाएँ । जीवनमा उहाँलाई रोगले धेरै कष्ट दियो । जीवनको सानोसानो खुसीको पल महसुस गर्न उहाँलाई गाह्रो हुन्थ्यो । त्यो सम्झेर मलाई लाग्छ कि निरोगी जीवन नै ईश्वरको सबैभन्दा ठूलो देन हो र निरोगी जीवन आफैं सुखमय हुन्छ ।

मलाई थाहा छ कि उहाँ अहिले जहाँ भए पनि उहाँको आशीर्वाद हामीमाथि सदा रहिरहन्छ र हाम्रो जीवन सुखमय हुन्छ । अनि हाम्रो सुखमै उहाँलाई आनन्द र सन्तुष्टि मिल्छ ।

# मेरो स्मृतिमा मञ्जु दिदी

बहिनी –कल्पना पन्त

दिदी आफैँमा प्यारो र आदरणीय नाम, माया ममता र प्रेमको सङ्गालो । सानो छँदा माया गरी काखमा च्यापेर रोएको बेला फकाउँदै फुल्याउँदै र ठूलो हुँदै जाँदा अह्राउँदै सिकाउँदै गर्ने त गल्ती गर्दा चेतावनी सहित सम्झाउने अभिभावक नै हो दिदी । भन्दछन् आमा पछिको स्थान दिदीले लिने गर्दछन् । सदैव दिदीकै माया ममता र स्नेहको चाहना कसलाई हुँदैन र ? हरपल आफूमा आइपर्ने दुःख पीडा र समस्याहरूलाई आमा-बुबाभन्दा पनि दिदी बहिनीमा साटासाट गर्ने गरिन्छ । हामी चार दिदी बहिनीमध्ये माइली दिदीको रूपमा सहृदयी हुनुहुन्थ्यो । आज उहाँ हामी सामु हुनुहुन्न । उहाँको अल्पायुमा नै देहवसान भयो । जीवनमा मैले मेरी हजुरआमाको विछोडको पीडा सहेको थिएँ । तत्पश्चात मेरी

प्यारी दिदीको विछोडको पीडाले मर्माहत भएकी छु र एउटा अभिभावक गुमाएकी छु ।

कुरा २०३७ सालतिरको हो– दिदीले लम्जुङ चिती स्याउतको शान्ति भवन प्रा.वि. मा शिक्षिका भएर सेवा गर्नुभयो । उहाँले नै मलाई क, ख... चिनाउनु भएको हो । यसै क्रममा विद्यालयले शैक्षिक भ्रमण लैजाने कार्यक्रम बनायो । त्यतिबेला म कक्षा २ मा पढ्थें तर कक्षा ३ देखि ५ सम्मका विद्यार्थीलाई मात्र भ्रमणमा लैजाने कुरा भयो । दिदी शिक्षिका भएकोले म सानै भए पनि शैक्षिक भ्रमण जाने भएँ तर जाने ठाउँ ४/५ घण्टा हिँडेर जानुपर्ने जुङडाँडा थियो । त्यहाँ लम्जुङे राजाको ऐतिहासिक दरबार र देवीको मन्दिर थियो । हामी त्यहाँको दोर्दीखोला पार गरी हरिगाउँ हुँदै २०/३० जनाको समूहमा अगाडि बढ्यौं । केही हिँड्न सक्नेहरू अघि पुगे त कोही पछि गरी सबै माथि जुङ्डाँडा पुग्यौं । त्यहाँको ऐतिहासिक दरबार र मन्दिरको अवलोकन गरी अलि पर गएर एउटा ठूलो चौरी र पोखरी रहेछ । त्यहाँ बसी सबैले आफूले घरबाट लगेका खाजाहरू खायौं र एक घण्टाको घुमघाम पछि फेरि घर फर्कन तयारी गर्दै साथीहरू कोही अघि त कोही पछि गरी जङ्गलको बाटो हिँड्नु पर्ने हुँदा चैत, वैशाखको समय भएकोले काफल, ऐँसेलु खाँदै आउने क्रममा बाटो भुलेर हामी अर्को बाटो लागेछौं र दिदीको साथ छुटेर अरू साथीहरूसँग हिँड्दै रहेछु । उता दिदी भने ल मेरी बहिनी छुटी, हराई भनेर आत्तिदै रुन थाल्नुभएछ । केही समयपछि हाम्रो भेट भयो र दिदीले

मलाई अङ्कमाल गर्दै तँ हराइस् भनेर म कति आत्तिएँ भनेको अस्ति जस्तो लाग्छ ।

केही नगरी बस्नै नसक्ने उहाँको स्वभाव थियो । त्यसै क्रममा २०४२ सालतिर अर्को पुरानु दुवार भन्ने ठाउँको एउटा स्कुलमा पनि शिक्षण गर्नु भएको थियो । त्यहाँ हाम्रो घरदेखि हिँडेर जान नै २/३ घण्टा लग्थ्यो तैपनि दिदीले त्यहाँ जाने निर्णय गर्नुभयो । जङ्गलको बाटो भएर जाने आउने गर्न एक्लै गाह्रो थियो तैपनि कहिले भाइ त, कहिले बहिनी, कहिले त्यसै विद्यालयका सरसँग जाने आउने गर्नुहुन्थ्यो । त्यसै गरी २ महिना जति त्यहाँ अध्यापन गर्नु भएको थियो । दिदीलाई विशेषतः मिठो परिकार बनाएर ख्वाउने सौख थियो भने अर्को पक्ष भनेको बाहिर त्यति घुमघाम गर्न रुचाउनु हुन्नथ्यो ।

जब २०४३ सालतिर दिदीको बिहे भएर काठमाडौं आउनुभयो । तत्पश्चात पनि दिदीले मलाई लुगा, कपडा मिठाई, बिस्कुट पठाइदिने गर्नुहुन्थ्यो । म पनि एस.एल.सी पास गरेपछि उच्च शिक्षाका लागि काठमाडौं आएँ । दिदीको चाबेल घरमा म बेला-बेलामा आउने गर्दथें । दिदीकामा आउँदा मलाई साह्रै रमाइलो लाग्दथ्यो । दिदीले पनि बहिनी आई भनी उत्तिकै माया गर्नुहुन्थ्यो । यसै क्रममा २०४८ सालतिर दिदीको घरमा विद्यालय खुल्यो । त्यहाँ मैले केही समय नर्सरीदेखि कक्षा आठसम्म पढाउने काम गरें । जब शुक्रबार आउँथ्यो तब विद्यालय हाफ छुट्टी भएपछि "आज त केही विशेष खाजा खानु पर्छ" भन्नु हुन्थ्यो । अनि म र दिदी भएर विभिन्न परिकार बनाई सबैजना बसेर

खान्थ्यौँ । कहीँ जानु वा घुम्नु पर्दा पनि दिदीले मलाई सँगै लैजाने गर्नुहुन्थ्यो । बढी नजिक भएर हो कि किन मलाई अति नै स्नेह गर्नुहुन्थ्यो मेरी दिदीले ।

दिदी चाबेल घरबाट धुम्बाराही सुकेधारा घरमा जब सर्नु भयो त्यति बेला दिदीलाई श्वासप्रश्वास सम्बन्धी रोगले सताई अक्सिजनको सहारा लिनुपर्ने भइसकेको थियो तैपनि दिदी आफैँ घरधन्दा गर्ने, भिनाजु र छोरीलाई आफ्नै हातले बनाएर नख्वाई चित्त नबुझ्ने भएकाले सकीनसकी आफैँ नै गर्नुहुन्थ्यो । उहाँलाई फूल र बगैंचाको निकै शौख भएकाले त्यस घरमा सधैं नै वसन्त र शरद ऋतु आए जस्तै हराभरा फूलको बगैँचा हुने गर्दथ्यो र आज पनि बारीमा बगैंचा हराभरा छ तर त्यहाँ लाग्दछ शिशिर ऋतु जस्तो हरियो दुवोमा टेक्दा जुन आनन्द अनुभव हुन्थ्यो अब त्यहाँ कतै काँडाले बिझाए जस्तो लाग्दछ र त्यस घरमा जाँदा जुन स्वर्गीय आनन्द आउने गर्दथ्यो जब दिदी हुँदा भरिपूर्ण जस्तो लाग्दथ्यो र अब त्यस्तो रहेन ।

जब दिदी बिरामी भई नराम्रैसँग थला पर्नुभयो अनि म सात दस दिनमा दिदीकामा जाने गर्दथेँ भने कहिलेकाहीँ केही दिन जान ढिला भयो भने भिनाजुले तिमीलाई दिदीले सम्झिरहेको छ भन्ने सुन्नासाथ म दिदीकामा पुगिहाल्थें र केही समय दुःख, सुखका कुरा गरी फर्कने गर्दथेँ भने कहिले त्यसै पनि दिदीकामा जाँदा मलाई त साँच्चिकै आज आउँछे जस्तो लागेको थियो भन्ने गर्नुहुन्थ्यो । अब मलाई कसले ...?

जीर्ण र रोगी शरीर लिएर कम्तीमा ७/८ वर्ष अक्सिजनको सहारामा जिइरहँदा र विगत २ वर्षदेखि एकै थलामा बस्नु पर्दा कति पीडा कति व्यथा उहाँले भोग्नुभयो त्यो हामी जोकोहीलाई पनि नपरोस् । मर्ने रहर यहाँ कसैलाई हुँदैन, नमरेको पहर हुँदैन भने झैं मेरी दिदीलाई मृत्युसँग अति डर थियो जतिसुकै पीडा र कष्ट सहेर भए पनि सयौं वर्ष बाचूँ भन्ने अति नै चाहना थियो तर के गर्नु नियतिको खेल समय सकिएपछि बाचूँ भनेर पनि नपाइँदो रहेछ । यो मनुष्यको चोला सबैले देह त्याग्नै पर्छ । म जीवनलाई प्रेम गर्दछु भने पनि साँचो प्रेम त मृत्युसँग हुँदो रहेछ । अरू सबै जीवन जिउने नाटकमात्र हो ।

जीवनका अनेक आरोह-अवरोह पार गर्दै पाँच दशकभन्दा बढी जीवन बिताउँदाका क्रममा उहाँसँग म पनि निकट रहने भएकाले उहाँको विछोडले मलाई निकै मर्माहत बनाएको छ । हुन त दिदी स्वर्गीय भएको पूर्णिमाको रात थियो र शुभरात पनि उहाँको आत्माले स्वर्गमा नै बास पायो जस्तो लाग्दछ किनकि उहाँ कहिलेकाहीँ सपनीमा देखापर्दा पूर्णिमाको जून जस्तै उज्यालो अनुहारमा खुसी भएको देख्ने गर्दछु र उहाँको स्मृतिले पलपल माया गर्ने मेरी दिदीको अभाव खड्किएको छ । आत्मीय दिदीको विछोडमा निकै भावविह्वल भएकी छु । म दुई हात जोडेर प्रभुसँग बिन्ती गर्दछु । प्रभु ! तिमी यदि साँच्ची दयालु छौ भने मेरी दिदी मञ्जुलाई प्रत्येक जन्मको दिदीकै रूपमा पाउन सकूँ अनि म उहाँकी प्यारी बहिनी !

# दिदीको सम्झनामा !!!

भाइ- गेहेन्द्रराज पन्त (राजु)

मेरो आदरणीय मञ्जु दिदीको मिति २०७३ चैत्र २९ मा स्वर्गारोहण भएकोले उहाँको दिवङ्गत आत्माले चिरशान्ति पाओस् भन्दै शोकसन्तप्त परिवारप्रति यस घडीमा हार्दिक समवेदना व्यक्त गर्दछु ।

हाम्रो परिवारको ६ सन्तानमध्ये पिता श्रीखगराज पन्त र स्व. माता यदुकुमारी पन्तको दोस्रो सन्तानको रूपमा लमजुङ जिल्लाको चिती स्याउतमा मिति २०१८ मा जन्मनु भएको थियो । दिदीले लमजुङ जिल्लाको चिती स्याउत वडा नं. २ को शान्ति प्रा.वि. बाट प्राथमिक शिक्षा र माध्यमिक स्तरको पढाइ लमजुङ चिती-३ मा रहेको जनकल्याण मा.वि.बाट पूरा गरी एस.एल.सी. सम्मको अध्ययन पूरा गर्नुभएको थियो ।

दिदीले एस्.एल्.सी. को उत्तीर्णपछि लमजुङको चिसापानीमा रहेको प्राथमिक विद्यालयमा लामो समयसम्म अध्यापन गराउनु भएको थियो। विद्यालय पढ्दाका दिदीका साथीहरूसँग हसीमजाक शैलीमा कुरा गर्ने, कम बोल्ने स्वभाव दिदीको थियो। उहाँ परिवारमा सबैको प्रिय नै रहनु भएको थियो। दिदी घरपरिवारका सबै सदस्यहरूलाई एकदमै माया गर्ने, घरायसी भित्री काम गर्न मन पराउने उहाँको बानी रहेको थियो। उहाँलाई सबैले माया गर्ने, भाइबहिनीहरूलाई एकदमै माया गर्ने गर्नुहुन्थ्यो। त्यो स्वभाव मायाप्रेम उहाँले हामीप्रति अन्तिम अवस्थासम्म पनि गरिरहनुभएको थियो।

असल स्वभाव, प्रेमपूर्ण भाव र सरल व्यक्तित्वकी धनी दिदीलाई कालले पनि चाँडै नै चुडेर लग्यो। भिनाजुले दिदी लामो समयदेखि बिरामी भएको कारणबाट धेरै दुःख कष्ट खानुपऱ्यो। हरतरहको उपचार पद्धति अवलम्बन गर्दा पनि उहाँलाई लागेको फरक प्रकृतिको रोगबाट बचाउन सकिएन। उहाँको जीवनकाल सुखद अवस्थामा व्यतीत गरे पनि अन्तिम अवस्थामा बिरामीका कारण कष्टपूर्ण नै रह्यो।

दिदीको असल स्वभाव र सबैलाई माया गर्ने बानी भएर होला उहाँलाई सबैले माया र आदर गर्दथे। दिदीलाई हजुरमुमाले "यो मेरो नातिनीमा लक्ष्मीको स्वरूप छ" भनी भन्ने गर्नुहुन्थ्यो। सबैको प्यारो र आदरणीय दिदीलाई चाँडै नै गुमाउनु पर्दा हामी मर्माहत छौं। अझै पनि दिदी हुनुहुन्छ जस्तो लाग्छ, । उहाँको

उज्यालो अनुहार सधैँ आँखा अगाडि घुमिरहन्छ । हाम्रो परिवारको सदस्यमा अल्पआयुमा कसैको मृत्यु नहोस् भनी कामना गर्दागर्दै पनि निष्ठुरी कालले दिदीलाई चुँडेर लग्यो । कालरूपी प्रकृतिको अगाडि हाम्रो के जोड चल्दथ्यो र । उहाँको अल्पआयुको मृत्युले भिनाजुलाई अझै मर्माहत बनाएको छ । भान्जीलाई टुहुरो बनाएको छ । के गर्नु जस्तोसुकै बज्रपात परे पनि सहनु र धैर्य गर्नु शिवाय अरू केही हुँदो रहेनछ । शोकसन्तप्त परिवारलाई धैर्यधारण गर्ने शक्ति प्रदान होस् भनी भगवानसँग प्रार्थना गर्दछु ।

दिदीले यो धर्ती छोडेर गए पनि मेरो हृदयमा दिदीप्रतिको स्नेह, माया, प्रेम, सम्झना अटुट रूपमा रहिरहने छ । उहाँको आत्माको चिरशान्तिको कामना गर्दै कलम बन्द गर्दछु ।

# म छोरी

स्व. मञ्जु दिदीप्रति समर्पित
भाइ-दीपकराज पन्त
बेँसीसहर न.पा.-११, चिती, लमजुङ

जन्म दिएर आमा हजुर कता जानु भाको ।
खोल्ने ठाउँ कतै थिएन बेदनाको पोको ॥
साँझ बिहान चुलोचौको भुलेँ मझेरीमा ।
झिसमिसेमा गाग्री बोकी पुग्थे पँधेरीमा ॥
रात दिन ढिकी जाँतो मेरा हातमा उठे ठेला ।
झरी बादल वर्षा मास सँधै धाउने मेला ॥
भाइको हातमा कापी कलम मेरो साथमा डोको ।
मेरो पनि थियो बुबा पढ्ने लेख्ने धोको ॥
मैले मागे बुबासँग अधिकार अनि भिक्षा ।
दिनुभयो बुबाले एस्.एल.सी. सम्मको शिक्षा ॥

छोड्नै पर्ने माइतीघर मैले पनि छोडे ।
जोड्नै पर्ने नाता पराइसँग मैले पनि जोडे ॥
        लमजुङ जिल्ला चिती स्याउत भयो मेरो जन्म ।
        काठमाडौँ शहरमा नै काम गरी थाले म त रम्न ॥
जिन्दगी नै सुक्यो हजुर रोगको खडेरीमा ।
यो छोरीको जीवन बित्यो सहरको अँधेरीमा ॥
        कस्तो रोग लाग्यो मलाई निको नै नहुने ।
        बाँच्ने रहर हुँदाहुँदै बाच्न नै नसकिने ॥
जिन्दगीसँग लड्दा लड्दै बिदा हुनु पर्‍यो ।
आफ्ना मान्छे यही छोडी एक्लै जानु पर्‍यो ॥
        जून जस्ता मेरा पति फूल जस्ती छोरी ।
        यस संसारबाट बिदा भएँ नफर्कने गरी ॥
जन्मिए पछि मर्नुपर्ने यो मानिसको चोला ।
बाँचुन्जेल भुलचुक भए माफ गर्नु होला ।

# बलिदानी प्रेम

–नारायण नेपाल
प्राध्यापक/साहित्यकार

कोही हुनु र नहुनुको आभाष कोही किन नगरोस्
भन्ने र सुन्नेका मुख र कानमा यो कुरो नपरोस्।

म कसैको बलिदानी प्रेम बक्तै छु
गहको आँसु लुकाएर बस्न सक्तैछु

सम्झना उसकै लाग्छ जो हुन्छ प्रेम लायक
उसमै पुग्छ मन दौडी उसकै अभिप्राय छ

मेरो बुझाइको मान्छे जो बाँचे बरखातिर
श्री सन्तान भए अच्छा धन्य भो घर आखिर

चरो फिनिक्सले जस्तै अक्षूण राख्न सृष्टि यो
गर्छु भन्ने भयो कोही यो सबै फलवृष्टि हो

जन्मिएँ किन होला यो कालकुञ्ज सपारमा
कसरी मर्छु यो बुझ्ने धेरै बाँच्दछ खासमा

यसै प्रसङ्गमा ऐले सम्भन्छु मञ्जु मेडम
देवसानिध्य होस् वास प्रार्थना छ यही जन

# खण्ड–४
# समवेदना

# समवेदना

यही चैत्र २९ गते मङ्गलबार प्रातः ३:५९ बजे श्रीमती मञ्जु पन्तको ५५ वर्षको उमेरमा असामयिक निधन हुन पुगेकामा उहाँको आत्माको चिरशान्तिका लागि भगवान् श्री पशुपतिनाथमा कामना गर्दै उहाँका पतिदेव, सपुत्र, सुपुत्री तथा अन्य आफन्त परिजनमा पर्न आएको अत्यन्त दारुण शोक सहने र धैर्यधारण गर्ने शक्ति परमात्माले प्रदान गरुन् भन्ने कामना गर्दै समस्त परिवारजनमा समवेदना व्यक्त गर्दछौँ :

| क्र.सं. | नाम | ठेगाना |
|---|---|---|
| १ | रामनाथ कँडेल | नयाँबजार |
| २ | सुवर्ण तिवारी | नक्साल |
| ३ | इन्दु तिवारी | नक्साल |
| ४ | केशव प्रसाद पन्त | बुढानिलकण्ठ |
| ५ | हरिकृष्ण तिवारी | सुकेधारा |
| ६ | योगेन्द्र देव कँडेल | वनस्थली |
| ७ | राजेन्द्र तिमल्सिना | सि.पा. |

| | | |
|---|---|---|
| ८ | सौगात न्यौपाने | सि.पा. |
| ९ | देवि प्रसाद पन्त (कृष्ण) | पाटिगैरा तल्लोटोल |
| १० | उमेश पन्त | गौरीघाट |
| ११ | विनोद लामिछाने | जोरपाटी |
| १२ | रोहिणी प्रसाद पन्त | रातोपुल |
| १३ | निरन पन्त | पाटीगैरा |
| १४ | एल.बि बस्नेत | कपन |
| १५ | वासुप्रसाद मैनाली | चावहिल, बुलबुले |
| १६ | उमेशराज पाण्डे | कपन |
| १७ | केशव खकुरेल | कुमारीगाल |
| १८ | मनोहर अधिकारी | तीनकुने |
| १९ | सन्दीप भट्टराई | कलङ्की |
| २० | भारती ढकाल | वानेश्वर |
| २१ | मनिष श्रेष्ठ | ललितपुर |
| २२ | सुरेन्द्र उपाध्याय | सुकेधारा |
| २३ | कुल ब. श्रेष्ठ | विशालनगर |
| २४ | गोपाल दाहाल | बौद्ध |
| २५ | अस्मी दुवाडी | कौशलटार |
| २६ | प्रणव आचार्य | कौशलटार |
| २७ | सृजन नेपाल | बत्तीसपुतली |
| २८ | विभोर खरेल | वानेश्वर |
| २९ | सविन पौडेल | जोरपाटी |

| | | |
|---|---|---|
| ३० | शैलेश ढुङ्गाना | थसीखेल |
| ३१ | गौरी पोखरेल | कुमारीगाल |
| ३२ | सुमिता डङ्गोल | चाबहिल |
| ३३ | आस्था शर्मा | अनामनगर |
| ३४ | एलिसा शाह | मैतीदेवी |
| ३५ | रजिया श्रेष्ठ | भक्तपुर |
| ३६ | आकृति सापकोटा | अनामनगर |
| ३७ | सन्जुपा गिरी | लाजिम्पाट |
| ३८ | रवि पन्त | लाजिम्पाट |
| ३९ | सुजन कँडेल | चाबहिल |
| ४० | मिनराज सिग्देल | कुमारीगाल |
| ४१ | प्रमोद शर्मा | बसुन्धारा |
| ४२ | जितेन्द्र मन्डल | बसुन्धारा |
| ४३ | लीला मैनाली (रिजाल) | सुकेधारा |
| ४४ | शिखा उपाध्याय | सुकेधारा |
| ४५ | महालक्ष्मी कोइराला | सुकेधारा |
| ४६ | रूपा खनाल | सुकेधारा |
| ४७ | झपट ब. बस्नेत | नयाँबस्ती |
| ४८ | लक्ष्मी खकुरेल | कपन |
| ४९ | नारायण खकुरेल (ज्वाइँ) | काभ्रे (खरेलथोक) |
| ५० | कृष्णप्रसाद पन्त (कपन) | बिर्ता देउराली |
| ५१ | कुमारकृष्ण पन्त | कुमारीगाल |

| | | |
|---|---|---|
| ५२ | वसन्तप्रसाद पोखरेल | चावहिल |

२०७४।१।२ गते बिहान

| | | |
|---|---|---|
| ५३ | प्रकाशचन्द्र पन्त | चाबहिल |
| ५४ | सरोजचन्द्र पन्त | चाबहिल |
| ५५ | भगधबहादुर पन्त | भक्तपुर |
| ५६ | नारायण ब. पन्त | वानेश्वर |
| ५७ | वीरेन्द्रबहादुर दाहाल | काठमाडौं ६ |
| ५८ | राजेन्द्रकुमार पण्डित | काठमाडौं ७ |
| ५९ | प्रकाशराज त्रिपाठी | सरस्वतीनगर |
| ६० | भुवन त्रिपाठी | तीन पिप्ले बखेलडी |
| ६१ | देवी प्र. पन्त | चावहिल |
| ६२ | शीला पोखरेल | सुकेधारा |
| ६३ | शारदा काफ्ले | सुकेधारा |
| ६४ | मीना लामा | सुकेधारा |
| ६५ | निरु बुढाथोकी | सुकेधारा |
| ६६ | केशव पन्त | बौद्ध नयाँबस्ती |
| ६७ | रमेश पन्त | कपन |
| ६८ | यादव पन्त | चावहिल |
| ६९ | विराजुप्रसाद पन्त | पेप्सिकोला |
| ७० | राम प्रसाद पन्त | कौडाघारी |
| ७१ | कृष्णप्रसाद पन्त | बबरमहल (बिर्ता देउराली) |

| | | |
|---|---|---|
| ७२ | रुद्रकुमार पन्त | कुमारीगाल |
| ७३ | बालकृष्ण पन्त | चावहिल |
| ७४ | गोमा पन्त | चावहिल |
| ७५ | अमन्तिनाथ पन्त | कुमारीगाल |
| ७६ | गोविन्दराज पन्त | हाँडीगाउँ |
| ७७ | कुमारप्रसाद पन्त | गङ्गाहिटी |
| ७८ | निराजन पन्त | चावहिल भत्केको पुल |
| ७९ | प्रविन पन्त (बिर्ता) | बिर्ता देउराली |
| ८० | डी.पी. आचार्य कपन | कपन |
| ८१ | माधवप्रसाद पन्त | पाटीगैरा (हाल काँडाघारी) |
| ८२ | पं. लक्ष्मणप्रसाद भण्डारी | चावहिल बुल्बुले |
| ८३ | तुला बडाल | चावहिल बुलबुले |
| ८४ | शम्भुप्रसाद थपलिया | धुम्बाराही, काठमाडौं |
| ८५ | सरिता पन्त | रातोपुल |
| ८६ | पार्वती पन्त | रातोपुल |
| ८७ | ललिता पन्त | रातोपुल |
| ८८ | सीता कँडेल | रामेछाप |
| ८९ | लक्ष्मीप्रसाद चिमौरिया | कुमारीगाल |
| ९० | यमदत्त थपलिया | सर्स्यूखर्क, काभ्रे |
| ९१ | निर्मला ढुङ्गाना | मन्डीखाटार |
| ९२ | नारायणप्रसाद पन्त | नयाँ बस्ती, कुमारीगाल |
| ९३ | शान्तदेव पन्त | कुरुवास, काभ्रे |

| | | |
|---|---|---|
| ९४ | छन्दविनोद दाहाल | चावहिल |
| ९५ | हरिहर चापागाईँ | गोठाटार |
| ९६ | प्रमिता अर्याल | कपन |
| ९७ | प्रमदा भट्टराई | कपन |
| ९८ | प्रणव भट्टराई | कपन |
| ९९ | प्रयागराज भट्टराई | कपन |
| १०० | भवानी देवी कँडेल | मैतिदेवी |
| १०१ | निराजन कँडेल | मैतिदेवी |
| १०२ | शिवराज त्रिपाठी | नयाँरोड |
| १०३ | नारायणप्रसाद पन्त | चावहिल |
| १०४ | चन्द्रप्रसाद पाण्डे | हाँडिगाउँ |
| १०५ | हरिकृष्ण पाण्डे | धुम्बाराही |
| १०६ | राजनकृष्ण पन्त | हाँडीगाउँ |
| १०७ | माधवराज पन्त | बुलबुले |
| १०८ | विष्णुप्रसाद पन्त | कुमारीगाल |
| १०९ | माधव/उमा खकुरेल | मैजुवहाल |
| ११० | ठुण्डीराज उपाध्याय चिमोरिया | कुमारीगाल |
| १११ | गोविन्द प्र. दाहाल | बालकोट |
| ११२ | केशवराज पन्त, सिफलचौर | पोटीगैह्रा, विर्ता देउराली |
| ११३ | भोलाप्रसाद पन्त | पाटीगैह्रा, विर्ता देउराली |
| ११४ | प्रकाशराज पन्त (विष्णुहरिको भाइको छोरा) | नयाँ बानेश्वर थापागाउँ |

| | | |
|---|---|---|
| ११५ | मिरा भाञ्जी (भण्डारी) | बत्तीस पुतली |
| ११६ | गणेश प्र. पन्त | चावहिल |
| ११७ | विनोदचन्द्र पन्त | बुलबुले |
| ११८ | टंकमाया पोखरेल | कालोपुल |
| ११९ | सरिता पराजुली | तीनथाना |
| १२० | ललिता उपाध्याय | कुसुन्ती, जावलाखेल |
| १२१ | मनमिरा श्रेष्ठ | जोरपाटी |
| १२२ | रामकृष्ण थपलिया | गडरे बेसी |
| १२३ | दिपेन्द्र श्रेष्ठ | गोकर्णेश्वर |
| १२४ | प्रमोद शर्मा गुरागाईं | कपन |
| १२५ | लक्ष्मणप्रसाद अधिकारी | कपन |
| १२६ | मनोज भट्ट | कुमारीगाल |
| १२७ | विवेक पौड्याल | चावहिल |
| १२८ | अनुज राणा | चाबहिल |
| १२९ | बलराम देवकोटा | सानोठिमी |
| १३० | डा. गणेशराज अधिकारी | गोठाटार |
| १३१ | खड्गनारायण श्रेष्ठ | पशुपति क्याम्पस |
| १३२ | प्रवीण पौड्याल | सुकेधारा |
| १३३ | सुजन शर्मा | सुकेधारा |
| १३४ | केशवराज पन्त | पाटी गैरा |
| १३५ | हेमप्रसाद पन्त | पाटी गैरा |
| १३६ | कुमारप्रसाद पन्त | पाटी गैरा |

| | | |
|---|---|---|
| १३७ | रामेश्वर सेढाई | पाटी गैरा |
| १३८ | राजुप्रसाद पन्त | पाटी गैरा (थली) |
| १३९ | बोधराज पन्त | पाटी गैरा (थली) |
| १४० | प्रलाद खड्का | दिपीका स्कुल |
| १४१ | बालकृष्ण कार्की | दिपीका स्कुल |
| १४२ | कमला भट्टराई | दिपीका स्कुल |
| १४३ | मनिता शर्मा | दिपीका स्कुल |
| १४४ | सिसा कटुवाल | दिपीका स्कुल |
| १४५ | पार्वती भण्डारी | दिपीका स्कुल |
| १४६ | शुभेक्षा इजेल | दिपीका स्कुल |
| १४७ | शान्ता खड्का | दिपीका स्कुल |
| १४८ | यादवप्रसाद पन्त | गैरापाखा |
| १४९ | सङ्गीता त्रिपाठी | चावहिल |
| १५० | रमेश त्रिपाठी | कुमारीगाल |
| १५१ | रामप्रसाद पन्त | कोटेश्वर |
| १५२ | ठाकुरप्रसाद पन्त | कोटेश्वर |
| १५३ | खगेन्द्रराज भट्टराई | कपन |
| १५४ | रामहरि दाहाल | चावहिल |
| १५५ | भगवती मैनाली | नयाँबस्ती |
| १५६ | इन्द्रराज पन्त | धुम्बाराही |
| १५७ | तेजप्रसाद पन्त | धुम्बाराही |
| १५८ | पुष्पराज पन्त | धुम्बाराही |

| | | |
|---|---|---|
| १५९ | धर्म प्र. पन्त | गौशाला |
| १६० | गणेश पन्त | गोठाटार |
| १६१ | बलराम पन्त | बनेपा |
| १६२ | सीताराम पाण्डे | जरेटार |
| १६३ | उत्तम थपलिया | माकलवारी |
| १६४ | गोमा खनाल | चावहिल |
| १६५ | भीष्मराज ढकाल | कपन |
| १६६ | मञ्जुषा खनाल | लोकन्थली |
| १६७ | लक्ष्मी दाहाल | रामहिटी बौद्ध |
| १६८ | विश्वनाथ त्रिपाठी | जोरपाटी |
| १६९ | वासुदेव पाण्डेय | कपन |
| १७० | कल्पना शाह | सुकेधारा |
| १७१ | बालकृष्ण पाण्डे | बौद्ध, महांकाल |
| १७२ | टीकाप्रसाद त्रिपाठी | मण्डीकाटार |
| १७३ | कुसुम पाठक | सरस्वतीनगर |
| १७४ | गणेशप्रसाद पन्त | दुर्गामन्दिर |
| १७५ | बिन्दा पाठक | रामेछाप |
| १७६ | ऋद्धिप्रसाद पन्त | कपन |
| १७७ | माधवप्रसाद त्रिपाठी | कपन |
| १७८ | सुशील पन्त | बानेश्वर |
| १७९ | ईश्वरी पन्त | नयाँ बस्ती |
| १८० | अम्बिका पन्त | नयाँ बस्ती |

| | | |
|---|---|---|
| १८१ | विष्णुप्रसाद पन्त (देवेन्द्र) | चावहिल |
| १८२ | द्वारिका प्रसाद पोखरेल | चावहिल |
| १८३ | दुर्गा शर्मा | जावलाखेल |
| १८४ | सावित्री | रामहिटी |
| १८५ | विनोद खनाल | चावहिल |
| १८६ | कुलप्रसाद उपाध्याय | सरस्वतीनगर |
| १८७ | उमा विष्ट | नारायणटार |
| १८८ | करुणा कार्की | साततले |
| १८९ | मीना कँडेल (चालिसे) | काँडाघारी |
| १९० | विनोद अर्याल | चावहिल |
| १९१ | सुसम्पन्ना शर्मा | चावहिल |
| १९२ | शङ्कर खड्का | सरस्वतीनगर |
| १९३ | दुर्गा पन्त | पाटीगैरा |
| १९४ | उद्धव प्र. पाण्डे | माकलवारी |
| १९५ | डा. शैलेन्दुप्रकाश नेपाल | बसुन्धारा |
| १९६ | कोमल प्र. पन्त | मण्डिखाटार |
| १९७ | श्याम प्र. पन्त | चावहिल |
| १९८ | सुरज पन्त | पाटीगैरा |
| १९९ | रविन्द्र पन्त | पाटीगैरा |
| २०० | राजेन्द्रराज पन्त | बिर्ता देउराली १ (सिफल) |
| २०१ | सुदेश पन्त | चावहिल (बिर्ता) |
| २०२ | नवराज पौडेल | काठमाडौं |

| | | |
|---|---|---|
| २०३ | सन्तोष पौडेल | काठमाडौँ |
| २०४ | कुमार त्रिपाठी | सिनामंगल |
| २०५ | महेश सिंह | हात्तिगौंडा |
| २०६ | लुना सिंह | हात्तिगौंडा |
| २०७ | अर्जुन प्र. धिमाल | मैजुवहाल |
| २०८ | विक्रम राज पाण्डे | सामाखुसी |
| २०९ | पूजा पाण्डे (पन्त) | सामाखुसी |
| २१० | प्रकाश कार्की | गौरीघाट |
| २११ | राम के.सी. | चावहिल |
| २१२ | हिक्मत बस्नेत | चावहिल |
| २१३ | गणेश पुडासैनी | चावहिल |
| २१४ | कालिदास पाण्डे | चावहिल |
| २१५ | उषा वस्ती | पशुपति कलेज |
| २१६ | इन्दिरा प्रसाई | नई प्रकाशन टोल कट्टेकुलो |
| २१७ | सविता बराल | पशुपति क्याम्पस |
| २१८ | शान्ति रिसाल | पशुपति ब. क्याम्पस |
| २१९ | दधिराम पन्थी | पशुपति ब. क्याम्पस |
| २२० | चक्र प्रसाद बराल | पशुपति ब. क्याम्पस |
| २२१ | रमा के.सी. | पशुपति ब. क्याम्पस |
| २२२ | मन्दिरा के.सी. | पशुपति ब. क्याम्पस |
| २२३ | रमा अधिकारी | पशुपति ब. क्याम्पस |
| २२४ | सरिता लामिछाने | पशुपति ब. क्याम्पस |

| | | |
|---|---|---|
| २२५ | कल्याण दाहाल | पशुपति ब. क्याम्पस |
| २२६ | गणेश पौड्याल | पशुपति ब. क्याम्पस |
| २२७ | पशुपति पौडेल | पशुपति ब. क्याम्पस |
| २२८ | सुमन बस्नेत | पशुपति ब. क्याम्पस |
| २२९ | रन्जना घिमिरे | पशुपति ब. क्याम्पस |
| २३० | अप्सरा गौतम | पशुपति ब. क्याम्पस |
| २३१ | भगवती गुरुङ्ग | पशुपति ब. क्याम्पस |
| २३२ | सङ्गीता गौतम | चावहिल |
| २३३ | सरिता लामिछाने | पशुपति ब. क्याम्पस |
| २३४ | कल्पना भट्टराई | पशुपति ब. क्याम्पस |
| २३५ | रमेश दत्त भट्ट | पशुपति बहुमुखी क्याम्पस |
| २३६ | अच्युत कुमार दाहाल | पशुपति बहुमुखी क्याम्पस |
| २३७ | रामदत्त पन्त | पशुपति बहुमुखी क्याम्पस |
| २३८ | माधवराज पन्त | विनायक टोल, चावहिल |
| २३९ | माधव प्रसाद पोखरेल | कपन |
| २४० | शकुन्तला त्रिपाठी | लाजिम्पाट |
| २४१ | भवानी त्रिपाठी | सिनामंगल |
| २४२ | ज्ञानबहादुर खड्का | महाँकाल |
| २४३ | फडिन्द्र खड्का | कपन |
| २४४ | राजेन्द्र दाहाल | भक्तपुर |
| २४५ | भीष्मराज सुवेदी | चावहिल |
| २४६ | जनकराज थपलिया | गोठाटार |

| | | |
|---|---|---|
| २४७ | उत्तर ब. खड्का | सङ्खुवासभा |
| २४८ | यान्जी शेर्पा | बौद्ध |
| २४९ | नङ्दाङु शेर्पा | बौद्ध |
| २५० | गणेशकुमार मिश्र | कपन |
| २५१ | ईश्वर पराजुली | कपन |
| २५२ | सुमन पराजुली | कपन |
| २५३ | लालकाजि श्रेष्ठ | कपन सरस्वती नगर |
| २५४ | लक्ष्मण आचार्य | सरस्वतीनगर |
| २५५ | मातृकाप्रसाद पन्त | सिफल |
| २५६ | राजदेव पन्त | बसुन्धारा |
| २५७ | हरि पन्त | गौरीघाट |
| २५८ | दीपक पोखरेल | पशुपति ब. क्याम्पस |
| २५९ | हरिशरण पन्त | दरबारमार्ग |
| २६० | अम्बिका ओली | चावहिल |
| २६१ | देवी तामसाङ (ढकाल) | सुकेधारा निलोपुल |
| २६२ | राजनबाबु श्रेष्ठ (सिप्रदी) | थापाथली |
| २६३ | राजेशप्रसाद गिरी (सिप्रदी) | थापाथली |
| २६४ | रामप्रसाद पन्त | नयाँबस्ती |
| २६५ | सौरवराज थपलिया (सिप्रदी) | थापाथली |
| २६६ | चन्दनकुमार कर्ण (सिप्रदी) | थापाथली |
| २६७ | दिपेश श्रेष्ठ (सिप्रदी) | थापाथली |
| २६८ | शारदा राणा (सिप्रदी | थापाथली |

| | | |
|---|---|---|
| २६९ | प्रभाकर मुननकर्मी (सिप्रदी) | थापाथली |
| २७० | निर्मल खत्री | कलङ्की |
| २७१ | स्मृति शर्मा | वानेश्वर |
| २७२ | जीवन वाग्ले | वानेश्वर |
| २७३ | पूर्णलक्ष्मी अधिकारी | जोरपाटी |
| २७४ | बसुन्धरा ढुङ्गाना | थसीखेल |
| २७५ | शकुन्तला पोखरेल | धुम्बाराही |
| २७६ | भाष्कर न्यौपाने | कीर्तिपुर |
| २७७ | सन्ध्या न्यौपाने | कीर्तिपुर |
| २७८ | समीर पौडेल | वीरगञ्ज |
| २७९ | सुजाता पौडेल | वीरगञ्ज |

# हार्दिक श्रद्धाञ्जली



जन्म
२०१८/०२/१९

स्वर्गारोहण
२०७३/१२/२९

❊ स्व. मञ्जु पन्त ❊

यस दिपिका एकेडेमिका संस्थापक अध्यक्ष विष्णु प्रसाद पन्त ज्यूकी अर्धाङ्गिनी **मञ्जु पन्त**को असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**दिपिका एकेडेमी परिवार**
चाबाहिल, काठमाडौं

# हार्दिक श्रद्धाञ्जली



जन्मः
२०१८/०२/१९

स्वर्गारोहणः
२०७३/१२/२९

**स्व. मञ्जु पन्त**

यस क्याम्पसका संस्थापक, पूर्व क्याम्पस प्रमुख तथा वर्तमान अनुगमन समितिका अध्यक्ष प्रा. श्री विष्णु प्रसाद पन्तज्यूको जीवन संगीनी श्रीमती मञ्जु पन्तको असामयिक निधन भएको आज १३औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चीर शान्तिको लागि भगवान श्री पशुपतिनाथसंग प्रार्थना गर्दै शोक सन्तप्त समस्त परीवारजनमा समवेदना प्रकट गर्दछौं ।

**पशुपति वहुमुखी क्याम्पस**
**परिवार**
**चावहिल, काठमाडौ**

# पशुपति बहुमुखी क्याम्पस

स्थापना: २०३७

**मानविकी, व्यवस्थापन र शिक्षाशास्त्र**

+२, प्रमाणपत्र, स्नातक, स्नातकोत्तर

(त्रि.वि. र उ.मा.शि.प. बाट सम्बन्धन प्राप्त)

मिति ०७४।१।६

पत्र संख्या:

प्रा. श्रीविष्णुप्रसाद पन्तज्यू,
संस्थापक, पूर्वक्याम्पसप्रमुख तथा
अध्यक्ष, अनुगमन,सुपरिवेक्षण तथा मूल्याङ्कन समिति
पशुपति बहुमुखी क्याम्पस, चाबहिल, मित्रपार्क, काठमाडौं ।

**विषय : समवेदनापत्र**

यहाँकी जीवनसंगिनी श्रीमती मञ्जु पन्तको यही २०७३ चैत्र २९ गते बिहान हुन पुगेको असामयिक निधनको दु:खद घटनाले पशुपति बहुमुखी क्याम्पस परिवार शोकाकुल र स्तब्ध बनेको कुरा अवगत गराउँदछु ।

जीवन र जगत् प्रकृतिको अमूल्य वरदान भएपनि यससँगै गाँसिएर आएको मृत्यु र विनाशले कुनै न कुनै समयमा जीवन र जगत्लाई दु:खद अवस्थामा पुऱ्याउँदा हामीले जीवनलाई तीतो यथार्थ र नमीठो परिणामका रूपमा हेर्न, देख्न र बुझ्न बाध्य हुन्छौ तर हाम्रा नीति र धर्मशास्त्रहरूले जीवन र जगत्को क्षणिकतालाई वारंवार उल्लेख गरेको कुरालाई मोहवश भुल्न पुग्दछौं । यस सम्बन्धमा भगवद्‌गीतामा उल्लेख भएको पाइन्छ -

**जातस्य हि ध्रुवं मृत्यु ध्रुवं जन्म मृतस्य च ।**
**तस्मादपरिहार्यार्थे नत्वंशोचितुमर्हसि ॥**
अर्थात
**अवश्य जन्मने मर्छ मर्नेको जन्म नित्यछ ।**
**नभई नहुने माथि तिम्रो शोक अयोग्य छ ॥**

यस गीता वाणीले जीवनको अनित्यतालाई उल्लेख गरेपनि हामी हाम्रो जीवन र जगत्मा मृत्युद्वारा कवलित हुँदा शोकाकुल बन्छौं । स्तब्ध हुन्छौं र एकसाथ हाम्रो सुन्दर जीवनमा कठोर बज्रपात भएको अनुभूति गर्छौं । आज यही घटनाले यहाँको परिवारिक जीवनमा जीवनसंगिनीको आकस्मिक निधनले अस्तव्यस्तताका साथै असह्य शोक सिर्जना गरेको छ । यस शोकाकुल अवस्थामा यहाँ र यँहाको परिवारमा शोक सहने धैर्य भगवान् श्रीपशुपतिनाथले प्रदान गरून् भन्ने प्रार्थनाका साथ दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै यहाँ र यहाँका समस्त परिवारजनमा क्याम्पस परिवारका तर्फबाट हार्दिक समवेदना व्यक्त गर्दछौं ।

(केशरबहादुर भण्डारी)
अध्यक्ष
संचालक समिति, पशुपति ब. क्याम्पस

(प्रयागराज भट्टराई)
क्याम्पस प्रमुख
तथा
सदस्य सचिव, पशुपति ब. क्याम्पस

फोन: ४४७०४१२, ४४६८३६४, पोष्ट बक्स: २०८८३, E-mail: pashupati_2037@yahoo.com, चावहिल, काठमाडौं

# व्यक्तिगत समवेदना

आदरणीय दाजु विष्णु पन्तज्यूकी धर्मपत्नी भाउजूको असामयिक निधन अत्यन्त पीडादायी र दुःखद घटना हो । यस घटनाले हामीलाई आहत र मर्माहत बनाएको छ भने दाजुको परिवारमा भएको यस घटनालाई सामना गर्ने र शोकलाई सहन गर्ने क्षमता प्राप्त होस् भन्ने कामना गर्दछौं । यस क्षणमा हामी आदरणीय भाउजूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं र दाजु लगायत परिवारमा विनम्र समवेदना व्यक्त गर्दछौं ।

रमेश भट्टराई/सुधा त्रिपाठी

आदरणीय पूर्व क्याम्पस प्रमुख तथा पशुपति ब. क्याम्पस अनुगमन समितिका अध्यक्ष श्री विष्णुप्रसाद पन्तज्यूलाई पत्नीशोक पर्न गएकोमा प्राध्यापक संघ, पशुपति ब. क्याम्पस अत्यन्त मर्माहित भएको छ। श्रद्धेय गुरु पन्तज्यू स्वयं आफैमा आत्मज्ञानी हुनु भएकोले यो शोकलाई धैर्य धारण गर्न सक्ने क्षमता उहाँमा विकास हुने नै छ । यस घडीमा समवेदना व्यक्त गर्दै मृतक आत्माको वैकुण्ठ बास होस् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

पब्लिक क्याम्पस प्राध्यापक सङ्घ पशुपति ब. क्याम्पस परिवार

श्री सुमन बस्नेत, सभापति

श्री चक्रप्रसाद बराल, उपसभापति

श्री चन्द्रबहादुर के.सी, सचिव

देहै छ फुल्कोसरी प्राण धर्ने,
चाहि नचाहि फुटिजान पर्ने

आत्मा छ उस्तै र फिरन्तरी यो,
लीला अनौठो भगवान गर्ने

श्रद्धेय कविमान एवम् शिक्षाविद्
श्री विष्णुप्रसाद पन्त पत्नी तथा
प्रिय विद्यार्थी श्रद्धा पन्त (आचार्य) की स्व. माता मञ्जु पन्तका देहावसानमा आत्माशान्तिको कामना र ढाडस मनमा समर्पण

नारायण नेपाल, (सुनसरी/काठमाडौं)
२०७४-०१-०१

पशुपति बहुमुखी क्याम्पसका संस्थापक, उन्नायक एवम् पूर्व प्राचार्य तथा मलाई अतिशय स्नेह र सम्मान गर्नुहुने श्रद्धास्पद शिक्षाविद् प्रा. विष्णुप्रसाद पन्तज्यूकी धर्मपत्नी शिक्षासेविका मञ्जु पन्तज्यूको असामयिक निधनबाट म अत्यन्त स्तब्ध, मर्माहत र शोकाकुल भएको छु । अपरिमये दुःखको यस क्षणमा म आदरणीय विष्णु सरप्रति हार्दिक समवेदना व्यक्त गर्दछु र भगवान श्री पशुपतिनाथले उहाँमा शोक सहन सक्ने क्षमता प्रदान गरून् भनी प्रार्थना गर्दछु । साथै स्वर्गीय मञ्जु पन्तज्यूको दिवंगत आत्माले दिव्य शान्ति प्राप्त गरोस् भन्ने कामना प्रकट गर्दछु ।

ध्रुव भट्टराई
पशुपति बहुमुखी क्याम्पस
२०७४।१।२

"यो दुःख भोग्ने परमेश्वरै हो,
यो देह उसको रहने घरै हो,
यो झत्कँदा दुःख अवश्य मान्छ,
सुटुक्क सामान लिएर जान्छ ।"

– कविशिरोमणि लेखनाथ पौड्याल

मेरा आदरणीय अभिभावक एवम् श्रद्धेय गुरु विष्णुप्रसाद पन्तज्यूको धर्मपत्नी मञ्जु पन्तज्यूको असामयिक निधनले मर्माहत बनाएको छ । विगत दश वर्षदेखि पत्नीको सेवामा फ्लोरेन्स नाइटिङ्गेल जस्तै बनेर समर्पित पन्तज्यूले आधा मुटु गुमाउनु भएको छ । सधैं हँसिलो, रसिलो फरासिलो र उत्साही पन्त सरमा पत्नी वियोगले दुःखको महाभारत सिर्जना भएको छ। धीर गम्भीर र विनयी पन्त सरमा यस दुःखद घडीमा धैर्यधारण गर्ने शक्ति परमपिता परमेश्वर पशुपतिनाथले प्रदान गरुन् । दिवंगत आत्माले चिरशान्ति पाओस् । शोकसन्तप्त विष्णु सर एवम् श्रद्धा बहिनी तथा उत्तम र विवेक भाइहरूमा हार्दिक समवेदना ।

दुर्गा प्रसाद नेपाल
क्याम्पस प्रमुख
ब्रिलियन्ट बहुमुखी क्याम्पस
सिफल, चाबेल, काठमाडौं
२०७४।१।१

पशुपति बहुमुखी क्याम्पसका संस्थापक, पूर्व क्याम्पस प्रमुख, अनुगमन समितिका अध्यक्ष तथा साहित्यकार श्री विष्णुप्रसाद पन्तज्यूकी धर्मपत्नी मञ्जु पन्तज्यूको असामयिक निधनले मर्माहित एवम् स्तब्ध भएको छु । यस दुःखद् अवस्थामा आदरणीय श्री विष्णुप्रसाद पन्तज्यूमा पर्न गएको असीम पीडामा समवेदना प्रकट गर्दछु । यस दुःखद घडीमा उहाँमा सहनशक्ति प्राप्त गर्ने अन्तरउर्जा जागृत होओस् भन्ने कामना सहित मृतकको आत्माको चिरशान्तिको कामना गर्दछु ।

डा. विष्णु के.सी.
पशुपति बहुमुखी क्याम्पस
२०७४।०१।०२

आदरणीय, श्रद्धेय, विष्णुप्रसाद पन्तज्यू पत्नी वियोगमा पर्नु हुंदा म र मेरो परिवार पनि दुःखी बन्यो । मृत आत्माको चिर शान्तिको कामना गर्दछु। परिवारका सदस्य मेरा भाइबहिनीहरूलाई र श्रद्धेय विष्णु सरलाई शोकको सामना गर्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्ने आशा राख्छु । विष्णु सरलाई मैंले सान्त्वना दिने कुनै शब्द छैनन् किन कि उहाँ आफैं तत्वबोधी हुनुहुन्छ । म यतिबेला आफैं दुःखी छु ।

छन्दविनोद दाहाल
पशुपति बहुमुखी क्याम्पस
२०७४।०१।०२

आदरणीय पूर्व क्याम्पस प्रमुख तथा अनुगमन समितिका अध्यक्ष श्री विष्णुप्रसाद पन्तज्यूलाई पत्नीशोक पर्न गएकामा म अत्यन्त मर्माहत भएको छु । श्रद्धेय पन्तज्यू आफैंमा आत्मज्ञानी भएकाले यो शोकलाई धैर्य धारण गर्न सक्ने क्षमता उहाँमा विकास हुने नै छ । स्वयं सर र शोक सन्तप्त परिवार जनप्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।

हरिहर चापागाइँ
पशुपति ब. क्याम्पस
२०७४।०१।०२

आदरणीय गुरु तथा हाम्रो क्याम्पसका संस्थापक तथा पूर्व क्याम्पस प्रमुख विष्णु सरको जीवनमा पर्न गएको दु:खद घडीमा शोकलाई बदल्न सक्ने शक्ति तथा आत्मविश्वास कायम राखी समाजसेवा र शैक्षिक सेक्टरमा आगामी समय पनि समर्पित रहनु हुने विश्वास गर्दै समग्र परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछु ।

टेकराज चालिसे
पशुपति ब. क्याम्पस
२०७४।०१।०२

आदरणीय गुरु प्रा. विष्णुप्रसाद पन्तज्यूकी सहधर्मिणी श्री मञ्जु पन्तज्यूको अप्रत्याशित निधनको घटनाले हामीलाई स्तब्ध बनाएको छ । दिवङ्गत आत्माको चिर शान्तिको कामनासाथ हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै गुरुज्यू लगायत परिवार जनमा पशुपतिनाथले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्दै हार्दिक समवेदना प्रकट गर्दछु ।

जीवन अदृश्य शक्तिको निर्देशनमा चल्छ । हामी केवल भूमिका निर्वाह गर्ने रहेछौँ । जीवन रहस्यमय छ । सुख र दुःखका दुई किनाराले जीवनको गोरेटो कोर्दै जाँदा रहेछन् । गन्तव्यबारे सबै अनभिज्ञ छन् ....... ।

डा. शैलेन्द्रप्रकाश नेपाल

२०७४। १।४

सहृदयी मित्र प्रार्थी विष्णुप्रसाद पन्तज्यूलाई अकस्मात पर्न आएको जीवन सँगिनीसँगको विछोटले सिर्जना गरेको दुःखद् अवस्थाप्रति मेरो परिवार हार्दिक समवेदना व्यक्त गर्दछ। जीवनको पूर्व वृद्धावस्थामा पर्न आएको पत्नीशोकको कुटिल र कराले एवं दारुण शोकसँग जुध्न धेरै गाह्रो हुन्छ तर पनि यस्तो अवस्था आफ्ना कारणले भन्दा प्रारब्धले सिर्जना गर्ने कुरा शास्त्रले सङ्केत गर्दछ। यसैले कविहरू भन्छन् -

भोग्नै पर्छ कमाई पूर्वजुनीको माथै फुटाए पनि
इच्छा माफिक खान लाउन मिली कस्ले बितायो जुनी

यसर्थ पूर्वजन्मको कमाई अर्थात् प्रारब्धलाई राम र कृष्ण भगवानले पनि भोग्नुपरेको थियो । हामी त मान्छेहरू । हाम्रो सामर्थ्य नै के हुन्छ ? प्रारब्धसँग जुध्ने ।

यसर्थ यहाँ र यहाँका सन्तति र आफन्तजनहरूलाई शोक सहने सामर्थ्य भगवान् श्री पशुपतिनाथले प्रदान गरुन् भन्दै दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

प्रयागराज भट्टराई र परिवार
कपन - १, फैका, काठमाडौं ।

मेची महाकालीबाट राजधानीमा अध्ययन गर्न आएका हजारौं विद्यार्थीका आरदणीय गुरु एवं समाजसेवी श्री विष्णु सरकी जीवन सँगीनीको दुःखद् निधनले हामी सबैलाई पनि पीडा भएको छ । आदर णीय सरलाई कर्मयोगी बनाउनमा उहाँको अत्यन्त ठूलो देन छ । दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै शोकमा डुब्नु भएका परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछु/गर्दछौँ ।

बझाङ् जिल्ला देखिँदैन काभ्रेदूर हुनाले
विष्णु सर निन्याउरो देखें मेडम नहुनाले

नन्दकृष्ण जोशी
बझाङ, सेती अञ्चल
२०७४।०१।०४।२

श्रद्धेय माइजूको आत्माले शान्ति पाओस् । ईश्वरसँग यही कामना गर्दछु ।

विना कँडेल

श्रद्धेय माइजूको आत्माले शान्ति पाओस् । ईश्वसँग यही प्रार्थना गर्दछु ।

जनकराज थपलिया

हाम्रो पशुपति क्याम्पसका संस्थापक श्री विष्णु पन्तज्यूकी धर्मपत्नीको असामयिक निधनप्रति हामी स्तब्ध छौं । यस अपुरणीय तथा दुखद् क्षतिका लागि धैर्य धारण गर्ने शक्ति भगवान् श्री पशुपतिनाथले दिने नै छन् ।

सुमन रिमाल + ईश्वर पराजुली
९८५१०७८६१६

आदरणीय पूर्व क्याम्पसप्रमुख तथा अनुगमन समितिका अध्यक्ष तथा पशुपति क्याम्पसका संस्थापक श्री विष्णुप्रसाद पन्तज्यूलाई पर्न गएको पत्नी शोकको यस दुःखद् घडीमा उहाँ र उहाँको परिवारलाई धैर्य धारण गर्ने शक्ति परमेश्वरले प्रदान गरुन् र यस दुःखद घडीमा अनन्य तथा आदरणीय सन्त कवि तथा अभिभावकज्यूमा गहिरो संवेदन व्यक्त गर्न चाहन्छौं ।

सह प्राध्यापक पशुपति बहुमुखी क्याम्पस, मोहनमणि पोखरेल
सह प्राध्यापक पशुपति बहुमुखी क्याम्पस, ध्रुव सिलवाल
सह प्राध्यापक पशुपति बहुमुखी क्याम्पस, मणिराज पराजुली
सह प्राध्यापक पशुपति बहुमुखी क्याम्पस, मुकुन्दप्रसाद काफ्ले
सह प्राध्यापक पशुपति बहुमुखी क्याम्पस, यदुराम उप्रेती
सह प्राध्यापक पशुपति बहुमुखी क्याम्पस, प्रकाश राउत